# अध्याय–१

# परिचय

## १.१– अध्ययनको सामान्य पृष्ठमुमिः

नेपाल एक वहुधार्मिक,वहुजातिय, बहुभाषिक तथा बहुसांस्कृतिक देश हो । भौगोलिक विविधताले यूक्त यस देशमा जातीय विविधता रहेको छ । वि.स. २०५८ सालको जनगणनाअनूसार यहाँ ५९ जनजातिका मानिसहरु बसोवास गर्दछन् । प्रत्येक जात-जातिअनूसार भाषा, धर्म, रितीरिवाज, परम्परा, संस्कृति फरक फरक रहेका छन् ।

संसारका हरेक समाजमा आ-आफ्नै प्रकारका नियम वा तरिकाहरु हुन्छन् । तिनै नियम र तरिकाहरुबाटै त्यो समाज निर्देशित भएको हून्छ । जसलाई समाजले स्वीकारको हुन्छ । समाजलाई स्थायित्व प्रदान गर्न र निरन्तरता दिने विवाह एक आधारभूत समाजिक संस्था हो । विवाहबाट नै परिवार र नाता सम्बन्ध जस्ता सामाजिक संस्थाहरुको विकास हुन्छ । विवाह एक यस्तो संस्था हो जो सवै समाजमा स्त्री तथा पूरुषलाई यौनिक सम्बन्ध नियमित रुपमा पूर्ति गर्नका लागि अनुमति प्रदान गर्दछ, वच्चा जन्माउने सामाजिक आज्ञा प्राप्त हुन्छ साथै समाजलाई निरन्तरता राख्नका लागि प्रयास गर्दछ । सामाजिक दायित्व र कर्तव्यको वोध गराउँछ, सामाजिक एकतालाई सुदृढ गराउँछ ।

L.H. Mogan १९८६ ले विवाहको वारेमा उल्लेख गर्दै भन्छनकि “रक्तसम्बन्धमा समेत यौनसम्बन्ध राखिने विवाहको आदिम रुपबाट विकास हुदै विद्यमान एकल विवाह प्रचलनमा आएको छ ।” (Engels १९८६)

विवाहले विभिन्न स्वरुप लिदै जादा विभिन्न जाति र समूहमा विवाहसम्बन्धी आफ्नै किसिमको परम्पराको विकास हुदै गयो । जाति अनूसार विवाहको छुट्टै पहिचन हुदै गयो । हरेक समाजमा विवाहका आफ्नै स्वरुप र मान्यताहरु भए पनि महिला र पूरुषलाई पति र पत्नीको रुपमा समाजले मान्यता दिनूलाई ‘विवाह’ भनिन्छ ।

विवाह सर्वव्यापी संरचना हो । यो जूनसूकै समाज र संस्कृतिमा प्रचलित छ । हरेक समाज र संस्कृतिमा विवाहका अनेक रुप र प्रकृतिहरु प्रचलित छन्  जसले गर्दा विवाहलाई निर्विवाद रुपमा परिभाषित गर्न सकिदैन । समाजको परिवर्तन सँगै विवाहको बुझाई र विश्लेषणमा समेत परिवर्तन आइसकेको छ। हिन्दू धर्म र संस्कृतिमा विवाहलाई एउटा संस्कारको रुपमा लिइन्छ।

विवाह शब्दको शाब्दिक अर्थ वधुलाई वरको घरमा लानु हो । अर्थात विवाह एक त्यस्तो सामाजिक संस्था हो । जसले स्त्री पुरुषलाई यौन क्रिया गर्न सामाजिक स्वीकृति प्रदान गर्नुका साथै त्यस्ता स्त्रीबाट जन्मेका बालबच्चालाई आमाबाबुका वैध सन्तान समेत मान्दछ । (आचार्य, २०५२)

नेपालमा पहिचान भएका र कानूनी मान्यता प्राप्त गरेका ५९ जनजातिहरु  छन् । नेपाल तराईमा बसोवास गर्ने विभिन्न जातिहरु मध्ये तेली जाति पनि एक हो । जसको आफ्नै मौलिक संस्कृति र विशेषताहरु रहेका छन् । 'नेपाल अधिराज्यको तराई फाँटमा फैलिएर पूस्तौं देखि रहदै आएका विभिन्न जातजातिहरु मध्ये तेलीहरु पनि विशेष वर्ग र सम्पूर्ण समाज सँगै गाँसिएर वसेको एक जाति हो । तराईमा वसोवास गर्ने अन्य पेशागत जातिसमूह यो जातिको पनि छुट्टै पहिचान रहेको छ । यस जातिको सामाजिक स्तर तराईमा रहेका कलवार र सुडी जाति सरह नै रहेको छ' (विष्ट १९७२)

तराई क्षेत्रमा फैलिएको यो जातिको विशेष गरी धनुषा, महोत्तरीमा बढी र झापामा पनि यस जातिको वसोवास रहेको पाइन्छ । यस जाति कहाँबाट नेपाल आए, उद्गम स्थल कहाँ हो नेपालमा वसोवास कहिले देखि भएको हो भन्ने आधिकारीक तथ्य फेला पार्न नसकीए पनि यिनीहरु भारतको कन्नोल र विहार राज्यवाट आएको हुनूपर्दछ भन्ने अनूमान गर्न सकिन्छ।

तेली जातिको आफ्नै प्रकारको भाषा, धर्म, परम्परा, चालचलन, भेषभूष, संस्कृति, विवाहपद्धति रहेका छन् । यस अध्ययनमा पूर्वाञ्चल विकास क्षेत्रको मेची अञ्चल झापा जिल्लाको पाँचगाछी गा.वि.स.को वडा नं. ३ मा वसोवास गर्ने तेली जातिको विवाह पद्दतिको बारेमा खोज अध्ययन गरिएको छ।

## १.२ अध्ययन समस्याको कथन

नेपाल विविध जाति, धर्म, भाषा र संस्कृतिले सम्पन्न मूलूक हो । हरेक जनजातिहरुको संस्कृति नै राष्ट्रियताको पहिचान हो । यिनीहरुको आफ्नै मौलिक संस्कृति छ । राष्ट्रियता तवमात्र वाच्न सक्दछ जब विविध जातिय संस्कृतिको संक्षण र सम्वर्द्धन हुन्छ । तसर्थ मुलुकको सर्वाङ्गीण विकासको लागि एक जातिको उत्थानले मात्र संभव छैन । सम्पूर्ण भाषा जाति धर्म क्षेत्र र सम्प्रदायका मानिसहरुको समानरुपले विकास हुनू नितान्त आवश्यक छ ।

तेली जातिमा आफ्नै प्रकारको लोक संस्कृति, भाषा, र परम्परा, विवाह प्रणाली, दाहसंस्कार, चाडपर्व र पूजाआजा आदि छन् । यस जातिमा मागी विवाह प्रचलित छ । तिलक प्रथा विवाहको अभिन्न अंग हो । यस प्रथालाई सामाजिक विकृतिको रुपमा जति सूकै औल्याइए पनि हट्न सकेको छैन् । यस अध्ययनका निम्नलिखित समस्याहरु औल्याई प्रश्नहरुको जवाफ खोज्ने प्रायस गरिएको छ

- तेली जातिको परम्परागत मागी विवाह संस्कार कस्तो छ ?
- कस्तो केटालाई कति तिलक दिने चलन छ ? र किन दिइन्छ ?
- प्रेम विवाह/जारी र विधवा विवाह गर्ने चलन छ वा छैन ?
- विवाहमा अपनाइने रीतिहरु के-के छन् ?
- विना तिलक विवाह हुन्छ या हुदैन ?
- तिलक प्रथाले समाजमा कस्तो प्रभाव पारेको छ ?

## १.३ अध्ययनको उद्देश्य

यो अध्ययन तेली जातिहरुको वैवाहिक पद्धति मौलिक संस्कारका बारेमा जानकारी लिने उद्देश्यले यो अध्ययन गरिएको हो । यसका निम्न उद्देश्यहरु रहेका छनः-

१. तेली जातीको सामाजिक र सांस्कृतिक पक्षको  जानकारी संकलन गर्ने ।

२. तेली जातीको विवाहका विधिहरुको वारेमा सुक्ष्म अध्ययन गर्ने ।

३. तेली जातीको विवाह प्रणालीमा देखा परेका परिवर्तनहरुको अध्ययन गर्ने ।

## १.४ अध्ययनको महत्त्व एवं सान्दर्भिकता

विभिन्न जात जाति भाषा भाषी धर्म, संस्कृति परम्परा भएका मानिसहरुलाई राष्ट्रको मूल प्रवाहमा समाहित गर्नु आजको आवश्यकता हो । देशको राजनैतिक परिवर्तनसंग विभिन्न जातजातिका हक र अधिकारहरुलाई स्थापित गर्दै समावेशी लोकतान्त्रिक राज्यप्रणालीको परिकल्पनालाई साकार पारी संघीय राज्य प्रणालीको अवलम्बन गरी जात धर्म, संस्कृतिको थप रक्षा र सुदृढिकरण गर्नू आजको आवश्यकता हो । यसका महत्वहरु निम्न छन्

१. तेली जातिको विवाह संस्कारको वारेमा गरीएको अध्ययनले समाज शास्त्रीय/मानवशास्त्रीय अध्ययनमा सहयोग पुग्ने छ

२. तेली जातिको विवाहमा दिइने तिलक प्रथाको वारेमा वुझ्न सघाउ पुऱ्याउने छ ।

३. परम्परा, चालचलन, रीतिरिवाज, धर्म, संस्कृतिको वारेमा सैदान्तिक ज्ञान प्राप्त हुन सक्छ

४. यस अध्ययन बाट अन्य जातिगत स्वभाव, जातिहरु बीचको अन्तरक्रिया र त्यसबाट प्राप्त परिणामका बारेमा थप केही ज्ञान प्राप्त हून सक्दछ ।

५. यस अध्ययनले सामूदायिक रुपले जातीय विकास योजना तर्जूमा गर्न सरकारी या गैरसरकारी संघसंस्थालाई सहयोग गर्ने छ ।

६. तेली जातीको वैवाहिक परम्परालाई परिचय गराउनूका साथै तिलक प्रथामा रहेको कठोर पनको वारेमा वुझ्न मद्दत पूऱ्याउँछ ।

## १.५ अध्ययनको संगठन

प्रस्तुत शोधपत्रलाई आठ अध्यायमा विभाजित गरिएको छ । जस अनुसार अध्याय एकमा– अध्ययनको सामान्य पृष्ठभूमि, अध्ययन समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्व एवं सान्दर्भिकता आदिको बारेमा प्रकाश पारिएको छ ।

अध्याय दुईमा–विषयसँग सम्बन्धित सन्दर्भ साहित्यको पुनरावलोकनको चर्चा गरिएको छ ।

अध्याय तीनमा–अनुसन्धान पद्धति अन्तर्गतः अध्ययन क्षेत्र छनौटको औचित्य, अनुसन्धान ढाँचा, नमुना छनौट विधि, तथ्यांक संकलन विधि, तथ्यांकको विश्लेषण तथा प्रस्तुतीकरण, अध्ययनको सीमाका बारेमा उल्लेख गरिएको छ ।

अध्याय चारमा–अध्ययन क्षेत्रको परिचय अन्तर्गत झापाजिल्लाः एक परिचय, सिमाना, हावापानीको स्थिति, पाँचगाछी गा.वि.स. परिचय, तेली जातिको उत्पत्ति, तेली जातिको जात वर्गीकरणको बारेमा उल्लेख गरिएको छ ।

अध्याय पाँचमा–सामाजिक तथा सांस्कृतिक अवस्था अन्तर्गतः परिचय, जनसंख्या, पारिवारिक संरचना, स्वभाव र प्रकृति, शारीरिक वनावट, घरको वनावट, भाषा, पेशा, धर्म भेषभुषा, खानपान, विभिन्न चाडपर्वहरु, जन्मेदेखि मृत्युपर्यन्तका कार्यहरु, आर्थिक, अवस्था, शैक्षिक स्थिति, स्वास्थ्य अवस्था, महिलाको अवस्था, राजनैतिक स्थितिको बारेमा व्याख्या तथा विश्लेषण गरिएको छ ।

अध्याय छमा–तेली जातिको वैवाहिक स्थिति अन्तर्गत विवाहका विधिहरु, विवाहका प्रकारहरु र विवाह संस्कारका वारेमा विश्लेषण गरिएको छ ।

अध्याय सातमा–तेली जातिको विवाह प्रणालीमा देखापरेका परिवर्तनहरुको वारेमा व्याख्या तथा विश्लेषण गरिएको छ भने अन्य पक्ष अन्तर्गत विवाह उत्सव, गहना, उमेर, जोडा छान्ने अधिकार, खर्च, भोजभतेर, विवाह विधि आदिमा आएको परिवर्तनका वारेमा उल्लेख गरिएको छ ।

अध्याय आठमा–सम्पूर्ण अध्यायनको सारांश र उपसंहार प्रस्तुत गरिएको छ ।

# अध्याय–२

## सन्दर्भ साहित्यको पूनरावलोकन

विवाह सम्बन्धमा एउटै सर्वमान्य परिभाषा पाइदैन । विभिन्न सामाजिक तथा सांस्कृतिक परिवेशमा अवस्थित समाजमा विवाह संस्कारमा पनि विविधता पाइन्छ । समाजको परिवर्तन सगै विवाहप्रतिको धारणामा पनि परिवर्तन आएको छ । समाजमा विवाहलाई एउटा आधारभूत सामाजिक संस्थाको रुपमा लिइन्छ । विवाहलाई धर्म जात, भौगोलिक, परीवेश, आर्थिक विषमता र संस्कृतिले प्रभाव पारेको हुन्छ । औद्योगिक विकासको अगाडीको समय र पछिको समयमा विवाहको स्वरुपमा परिवर्तन आएको देखिन्छ । समाजमा आएको परिवर्तन सँगै विवाहमा पनि परिवर्तन हुनुमा भौतिकवादी दृष्टिकोणलाई मूख्य रुपमा लिन सकिन्छ । यसका अतिरिक्त वाह्य सम्पर्क व्यक्तिगत स्वतन्त्रता सामाजिक नियन्त्रणमा लचकता आदि पनि प्रमूख कारण हुन् । पश्चिमी देशहरुमा विवाहपूर्व हुने यौन सम्बन्धलाई सामाजिक स्वीकृति हुने भएकोले विवाहको सर्वमान्य परिभाषा बन्न सकेको छैन । वर्तमान समाजमा देखिने समलिङ्गी विवाहले पनि विवाहको परिभाषालाई समस्या वनाएको छ ।

विवाहका वारेमा पूर्वीय साहित्यले -"संस्कारमूलक अनूष्ठान" मानेको छ भने पाश्चात्य साहित्यले "करारमूलक सम्झौता" मानेर सोही अनूसार नै परिभाषा दिएका छन् ।

हिन्दू दर्शनबाट हेर्ने हो भने विवाह एक धार्मिक संस्कार हो, जसले आफनो परम्परालाई निरन्तरता दिइरहेको पाइन्छ । यस संस्कारअनुसार गरिने विवाहमा लोग्ने स्वास्नीको सम्बन्ध यस लोकदेखि परलोकसम्म रहिरहन्छ । विवाह भौगोलिक तथा आध्यात्मिक आवश्यकता पूरा गर्नका लागि गरिन्छ ।

बौद्धिक धर्मशास्त्रले विवाहलाई एक आवश्यक एवं आध्यात्मिक संस्कारको रुपमा मानेको छ भने यसलाई गृहस्थी जीवनको प्रवेशको रुपमा लिइएको छ । संसारको सवै परम्परामा भिन्नता पनि पाइन्छ । हाम्रो हिन्दू धर्मशास्त्रले मोक्ष प्राप्तिका लागि पनि विवाहलाई आवश्यक संस्कारको

रुपमा मान्यता दिएको छ । सन्तान (छोरा) जन्माएर मोक्ष प्राप्तिको निमित्त स्वर्गको ढोका खोल्नु र छोरीलाई कन्यादान गरेर पुण्य कमाउने धारणा रहेको पाइन्छ ।

- मनुस्मृति (९।१३७) मा उल्लेख गरिएको छकि "छोराबाट वाबुले स्वर्ग आदि उत्तम लोक प्राप्त गर्दछ नातिबाट लोकमा अनन्त कालसम्म निवास गर्दछ र पनातिवाट सूर्य लोक प्राप्त गर्दछ ।"

- सामाजिक विज्ञानको अन्तर्राष्ट्रिय शब्दकोश (१९७३:२) मा मानिएको छ–"विवाहलाई सांस्कृतिक स्वीकृत संस्थाका रुपमा विश्लेषण गर्दै लोग्ने स्वास्नी बीचको यौन सम्बन्ध र बालबच्चा पाउन सामाजिक स्वीकृत अवस्थाका बारेमा प्रष्ट पारेको छ । यसका साथै विवाहका मूलभूत प्रकारहरु पनि दिइएको छ । यसले के जनाउँछ भने प्रत्येक समाज र संस्कृतिमा विवाहका विभिन्न प्रकारहरु हुन सक्दछन् । जसमा एकलगामी, वहुपत्नी, वहुपती विवाह मध्ये प्रत्येक प्रकारहरु सामाजिक, सांस्कृतिक परिवेशमा भर पर्दछन् र प्रत्येक विवाह विपरीत लिङ्गबीच यौन सम्बन्ध र यसबाट बालबच्चाको अपेच्छा गरिएको हुन्छ ।

- यज्ञवल्क्य स्मृति (१।१३७)मा-"छोरा, नाति र पनातिले यस लोकमा वंश अविच्छिन वनाइरहन्छन् र स्वर्गको प्राप्ति हुन्छ । यी दुवै कार्य स्वीकारसिद्ध हुन्छ । अतः तिनी उपयोग्य छिन् र धर्मको लागि उनको रक्षा गर्नूपर्दछ ।"

- कोण्डिन्न्याय आमोदवर्धन (कान्तिपूर १८ जेढ २०६५) सन्तानोत्पादनका निम्ति, गृहस्थाश्रमको धर्मपूर्वक निर्वाहका निम्ति तथा स्त्री र पूरुषको धर्मानुकूल यौन सम्बन्धका निम्ति विवाह संस्कार गरीने कूरा वेद वेदाङ्ग स्मृति र पूराणहरुको अनुशीलन बाट अवगत हुन्छ । विवाहबाट मानव सर्वाङ्गपूर्ण भई प्रजनन गर्न र गृहस्थधर्म पालन गर्न समर्थ हुने हुनाले विवाह अत्यन्त महत्पूर्ण संस्कार मानिन्छ । हिन्दू धर्मशास्त्र अनुसार -"विवाह एक धार्मिक संस्कार हो । परम्परालाई निरन्तरता दिन विवाह गरिन्छ । विवाहका माध्यमबाट यस लोकमा वंश परम्पराको प्रकृया रहिरहने र सन्तान उत्पादन गरी पितृ ऋणबाट मुक्त हुनु हो ।

- विष्ट (२०५२) को अनुसार तेली जातिको विवाह आफ्नो जातमा अभिभावकद्धारा हुन्छ । दाइजोमा निकै खर्च गर्दछन् । देवी देवताको पूजा गर्दछन् । प्रत्येक दिन घरभित्र देवी दुर्गा र भगवती मध्ये एकको पूजा गर्दछन भनेर जातीय परीचय दिनू भएको छ ।

- विष्ट (१९७२) ले यी जातिको वारेमा तेल पेल्ने जाति नै तेली हुन् । यिनीहरुले गाउँलेहरुसँग तेलीय वस्तू संकलन गरी त्यसलाई पेलेर खाद्य तेल बनाँउदछन् । यी तीन प्रकारका छन-मघैया, कानु र कन्नोजिया," यी तिन जातिभित्र यिनीहरुको विवाहवारी चल्दछ विवाहमा वेहुला मूल्य तिर्नू पर्दछ भनेर उल्लेख गर्नू भएको छ ।

- खत्री, (२०४४) का अनूसार विवाह एक प्रकारले जीवनको अन्तिम मुख्य संस्कार भन्न सकिन्छ । हिन्दुहरुको लागि विवाह एक सम्झौता नभएर यो एक पवित्र वन्धन वा सम्वन्ध हो । हिन्दूहरुको लागि विवाह एक चिरस्थायी धार्मिक र नैतिक वन्धन पनि भएकोले विवाह वन्धनलाई बढी दरिलो बनाउका लागि वरवधुका संरक्षक, नातासम्वन्ध र इष्टमित्रहरुका सामुन्ने अनेक देव-देवतालाई साक्षी राखी विधि सम्पन्न गरिन्छ । यसरी धार्मिक, सामाजिक, नैतिक र जैविक कारणले समेत हिन्दु समाजमा विवाह एक अनिवार्य आवश्यकता मानिन्छ ।

- शर्मा (२०५२) ले नेपालमा वसोवास गर्ने धेरै जातिको बारेमा अध्ययन गर्नुभएको छ । उक्त पुस्तकमा तेली जातिलाई अन्य व्यवसायिक जातिहरुकै श्रेणीमा राखिएको छ । साथै यस जातिलाई मैथिली थरकै जातिको रुपमा रहेको उपजाति हो भनी चिनाएको पाइन्छ । तर यस पूस्तकमा तेलीहरुको बारेमा विस्तृत अध्ययन पाइँदैन ।

- आचार्य (२०५८) ले तेली जातिको सामाजिक तथा आर्थिक अवस्थाको वारेमा विस्तृत अध्ययन गर्नुभएको छ । साथै विवाह संस्कार धर्म आदिको वारेमा सामान्य उल्लेख गरिएता पनि विवाहमा वरमूल्य तिर्नूपर्ने, दाइजो प्रथा रहेको र मागी विवाह नै प्रचलनमा रहेको र विधवा विवाहलाई मान्यता दिएको कूरा उल्लेख गरिएको छ ।

- थापा (२०६१) ले मगजातिको विवाहपद्धतिको  विस्तृत अध्ययन गर्नूभएको छ । यसमा मगर जातिको विवाहका प्रकार, विवाह संस्कारमा आएको परिवर्तन सामाजिक तथा सांस्कृतिक अवस्थाका वारेमा जानकारी दिएको पाइन्छ ।

# अध्याय–३

# अनुसन्धान पद्दति

## ३.१ अध्ययन क्षेत्र छनौटको औचित्य

नेपालको पूर्वी तराई क्षेत्रमा वसोवास गर्ने तेलीहरुको सामाजिक तथा सांस्कृतिक पक्षको अध्ययन गरी तेली संस्कृतिलाई प्रतिनिधित्व गर्ने गरी झापा जिल्लाको दक्षिणमा अवस्थित तेलीहरुको बसोवास रहेको पाचँगाछी गा.वि.स. अन्तर्गतको रंगेथान गाँउमा रहेका तेली जातिको विवाह पद्दति अध्ययनको केन्द्रविन्दु मानिएको छ । अध्ययन कर्ता यस क्षेत्र सँग परिचीत भएको र सोही क्षेत्रमा अध्ययन कर्ताको वसोवास भएकोले यस क्षेत्रलाई छनौट गरिएको छ ।

## ३.२ अनुसन्धान ढाँचा

यस अध्ययनको ढाँचा मूख्यतया वर्णनात्मक पद्धतिको छ । जातीय संस्कृतिको विवाहपद्धति बारे अध्ययन गर्दा यहाँका तेलीहरुको विवाह प्रचलन, विवाहमा गरिने संस्कार विधीहरु आदिको वर्णनात्मक तरिकाले अध्ययन गरिएको छ ।

## ३.३ नमूना छनौट विधी

छनौट गरिएको यस अध्ययन क्षेत्रमा जम्मा ८६ घर धुरीसंख्या तेलीहरुको रहेको छ । नमूना छनौट गर्दा व्यवस्थित नमूना छनौट (Systematic sampling) प्रयोग गरिएको छ । जसमा ८६ घरधुरीको समग्रताबाट दुईको अन्तारलमा जम्मा ४३ घरधुरी लाई नमूनाको रुपमा मानी तथ्याङ्क संङ्कलन गरिएको छ । नमूना छनौट भित्र कूल घरसंख्या ८६ को ५०% घरधुरी नमूना भित्र परेको छ । छनौट भएका घरका घरमूलीहरुलाई आवश्यकता अनुसार तयार पारिएको प्रश्नावलीको आधारमा प्रश्न सोधी संख्यात्मक परिमाणात्मक तथ्याङ्कहरु संकलन गरिएको छ । यसका साथै गुणात्मक तथ्याङ्कहरु लिन सोही जातिसँग विज्ञ, बुढापाका, शिक्षित व्यक्ति आदिलाई मूख्य सूचनादाताको रुपमा लिइएको छ ।

## ३.४ तथ्यांक संकलन विधि

- नमूना छनौटमा परेका घरमूलीहरुसँग संरचित प्रश्नावलीका आधारमा प्रश्न सोधी संख्यात्मक तथा गुणात्मक तथ्याङ्क संकलन गरिएको छ ।
- अन्तरवार्ता र अवलोकनका माध्यमबाट उनीहरुको विवाह संस्कार, विवाहमा दिने तिलक प्रथा विवाहमा देखिने कियाकलाप र व्यवहारको जानकारी लिई तथ्यांक संकलन गरिएको छ । प्रचलित विवाह संस्कार, पहिला र अहिलेको विवाह संस्कारमा फरक, यसका कारण तिलक प्रथा समाजमा यसले पारेको प्रभाव र समाजले यसलाई कसरी ग्रहण गरेको छ भन्ने सम्बन्धमा आवश्यक प्राथमिक तथा द्धितिय तथ्यांक संकलन गरिएको छ ।

### ३.४.१ अनुसुची विधि

यस अध्ययन कार्यमा मुख्यतया जनसंख्या, शिक्षा, स्वास्थय, सामाजिक, आर्थिक, विवाह संस्कार हरुको जानकारी लिन अनुसुचि विधिको प्रयोग गरिएको छ । यस शोधकार्यको लागी संरचित प्रश्नावलिको प्रयोग गरिएको छ । प्रश्नावलीको प्रयोग गरि पेशा, धर्म, लिङ्ग, परिवारको प्रकार, परिवार संख्या, बार्षिक आय-व्यय, विवाहका प्रकार जस्ता बिषयमा प्रश्न राखी तथ्याङ्क संकलन गरिएको छ ।

### ३.४.२ अन्तरर्वाता विधि

प्राथमिक तथ्याङ्क संकलन गर्दा सबभन्दा उपयुक्त विधिको रुपमा अन्तरवार्तालाई लिइन्छ । अन्तरवार्ताको माध्यमबाट उत्तरदाताबाट प्रभावकारी तथ्यहरु संकलन गर्न सहयोग मिलेको छ । अन्तरवार्ता लिंदा बृद्ध, शिक्षित एवं अनुभवि व्याक्तिहरुसँग समय लिई आमने सामने बसि उनीहरुको विवाह संस्कार, विवाहमा दिने तिलक प्रथा, विवाहमा देखिने क्रियाकलाप, विवाहका विधिहरु, पहिले र अहिलेको विवाह संस्कारमा फरक आदिका बारेमा प्रश्न राखिएको थियो । अन्तरवार्ताको क्रममा पहिलेनै तयार गरिएको चेक लिष्टको आधारका प्रश्नशरु उत्तरदाताहरु समक्ष राखी आएका उत्तरहरुलाई टिपोट गरि तथ्याङ्क संकलन गरिएको छ । आवश्यक परेकोमा चेक लिष्टमा नभएका अनिर्मित प्रश्न पनि सोधि तथ्याङ्क संकलन गरिएको छ ।

### ३.४.३ सहायक/द्धितिय तथ्याङ्क संकलन विधि

शोधकार्यमा सहायक तथ्याङ्क संकलन विधिको पनि उत्तिकै आवश्यकता पर्दछ। प्राथमिकि तथ्याङ्कबाट प्राप्त नभएका तथ्याङ्कहरु सहायक तथ्याङ्कबाट प्राप्त गर्न सकिन्छ। यसको लागि बिभिन्न समाजशास्त्री/मानवशास्त्री हरुले लेखेका लेख, रचना, पुस्तक, पत्रपत्रिका, प्रतिवेदन, शोधपत्र आदिलाई स्रोत मानी त्यसबाट तथ्याङ्क संकलन गर्ने कार्य गरिएको छ।

## ३.५ तथ्यांकको विश्लेषण तथा प्रस्तूतीकरण

संकलित तथ्याङ्कहरुलाई व्यवस्थित गर्न तथ्याङ्कहरुको प्रकृति अनूसार तालिकीकरण र वर्गीकरण गरी व्याख्या विश्लेषण गरिएको छ। प्रस्तुतीकरणमा वर्णनात्मक तरिका अपनाइएको छ।

## ३.६ अध्ययनको सीमा

१. यो अध्ययन झापा जिल्ला पाचगछी गा.वि.स. वडा न. ३ मा मात्र वसोवास गर्ने तेली जातिको विवाह पद्दतिको वारेमा केन्द्रीत रहेको छ।

२. यस अध्ययनले सम्पूर्ण (देशभरीका) तेलीहरुको विवाह पद्धति लाई समेट्न सकेको छैन।

३. निश्चित ठाँउका तेलीहरुको मात्र परम्परागत विवाह संस्कार, विवाहमा आएको परिवर्तन, तिलक प्रथा, दाइजो प्रथा, त्यसको प्रभाव आदिका वारेमा मात्र केन्द्रित छ।

४. यस अध्ययनले सम्पूर्ण तेलीहरुको विवाह पद्दति एउटै हुन सक्छ भन्न सकिदैन।

# अध्याय - ४

# अध्ययन क्षेत्रको परिचय

## ४.१ झापा जिल्लाः एक परिचय

झापा जिल्ला नेपाल अधिराज्यको पूर्वाञ्चल विकास क्षेत्र अन्तर्गत सुदुरपुर्वी तराईको एक विकसित जिल्ला हो । क्षेत्रगत र जनसंख्याको हिसावमा क्रमशः सङ्चालिसौ र चौथो स्थानमा पर्ने यो जिल्ला उत्तरमा २६°२०' देखि २६°५०' अक्षांससम्म र पूर्वमा ८६°२९' देखि ८८°१२' देशान्तर सम्म फैलिएको छ । नेपालको सवैभन्दा होचो भाग कचनकवल यसै जिल्लाको केचना गा.वि.स. वडा नं. ३ मा पर्छ र नेपालको सवभन्दा लामो पक्की कन्काई पूल ७०३ मि. लामो यसै जिल्लामा रहेको छ । धान र चियाको लागि समेत यो जिल्ला राष्ट्रकै अग्र स्थानमा रहेको छ । साथै वंगालबाट वहने मनसुनी वायूको कारणले यहाँ धेरै वर्षा हुने गर्छ । जम्मा क्षेत्रफल १६०६ वर्ग कि.मि. भएको यस जिल्लाको पूर्व-पश्चिमा लम्वाई ४६ कि.मि. उत्तर दक्षिण सरदर चौडाई २९° कि.मि. छ । यस जिल्लाको कूल जनसंख्या ३४६३०४२ छ जसमा पुरुषको संख्या ३१४४६२७ छ भने महिलाको संख्या ३१८४१५ छ । यस जिल्लामा ३ नगरपालिका ४१ ग.वि.स. रहेको छ । यसको सदरमुकाम चन्द्रगढी हो । (जिल्ला परिचय झापा २०६३)

### ४.१.१. सिमाना

यस जिल्लाको सिमाना पूर्व भारतको पश्चिम वंगाल राज्य, पश्चिममा मोरङ जिल्ला, उत्तरमा इलाम जिल्ला र दक्षिणमा भारतको विहार राज्य पर्दछ ।

### ४.१.२ हावापानीको स्थिति

यस जिल्लामा उष्ण मनसुरी हावापानी पाइन्छ । गृष्म कालमा यहाँको तापक्रम ३२° देखि ३५°८ सम्म पुग्छ भने शितकालमा १५° देखि १°c सम्म ओर्लिन्छ । कूनै वर्ष अधिकतम तापक्रम ४२°८ सम्म पुगेको र न्यनतम तापक्रम ८°C सम्म झरेको पाइन्छ । वर्षा ऋतुमा हिन्द महासागरको वंगालको खाडीबाट आउने मनसुनी हावाबाट यहाँ २७१°७५ मि.मि सम्म वर्षा हुने गरेको पाइन्छ । यहाँको हावापानी ज्यादै उष्ण र सुष्क हुने हुदा स्वास्थ्यका लागि उपयोगी नभए पनि कृषि कार्यको लागी उपयोगी मानिन्छ । (जिल्ला परिचय झापा २०६३)

यस जिल्लामा विभिन्न जाति-जनजातिहरू बसोवास गर्दछन् । ब्राम्हण, क्षेत्री, राजवंशी, तेली, राई, लिम्वु तामाङ, नेवार, मेचे, कामी, दमाई, सनुवार, दनूवार आदि जातिको वसोवास रहेको छ । उनीहरूको आ-आफ्नै भाषा, धर्म, मौलिक संस्कृति रहेका छन् । नेपालमा बसोवास गर्ने केही प्रमुख जातजातिको वारेमा तल प्रस्तुत गरिएको छ।

**तालिका नं. १**

**नेपालका केही प्रमुख जातजातिहरूको विवरण**

| क्र.सं. | जातजाति | प्रतिशतमा |
|---|---|---|
| १ | क्षेत्री | १५.८० |
| २. | ब्राम्हण | १२.६४ |
| ३. | मगर | ७.१४ |
| ४. | थारु | ६.७५ |
| ५. | तामाङ्ग | ५.६४ |
| ६. | नेवार | ५.४८ |
| ७. | मुस्लिम | ४.२७ |
| ८. | कामी | ३.९४ |
| १०. | राई | २.७९ |
| ११. | गुरुङ | २.३९ |
| १२. | घिमाल ⁄ ढोली | १.७२ |
| १३. | लिम्बू | १.५८ |
| १४. | ठकुरी | १.४७ |
| १५. | सार्की | १.४० |
| १६. | तेली | १.३४ |
| १७. | चमार, हरिजन, राम | १.१९ |
| १८. | कोइरी | १.११ |
| १९. | अन्य | १९.३२ |
| | जम्मा | १०० |

स्रोत के.त.वि. २०५८

**तालिका नं. २**

**विकास क्षेत्रका आधारमा तेलीहरूको जनसंख्या विवरण**

| क.स. | विकास क्षेत्र | तेली जातिको जनसंख्या |
|---|---|---|
| १. | पुर्वाञ्चल विकास क्षेत्र | १००१८० |
| २. | मध्यमाञ्चल विकास क्षेत्र | १६७१०३ |
| ३. | पश्चिमाञ्चल विकास क्षेत्र | ३०९७७ |
| ४. | मध्य-पश्चिमाञ्चल विकास क्षेत्र | ५२६९ |
| ५ | सुदूर-पश्चिमाञ्चल विकास क्षेत्र. | १०१४ |
| | कूल | ३०४५३२ |

स्रोत के.त.वि. २०५८

तालिका नं. १ अनूसार विभिन्न जातजाति मध्ये तेली जातिको कूल प्रतिशत १.३४ रहेको छ । वसोवासका दृष्टिले मध्यमाञ्चल विकास क्षेत्रमा तेलीहरूको जनसंख्या बढी रहेको छ । जँहा १६७१०३ जनसंख्या रहेको छ । त्यसैगरी पूर्वाञ्चल विकास क्षेत्रमा १००१८० जनसंख्या रहेको छ । पश्चिमाञ्चल, मध्यपश्चिमाञ्चल, सुदुर पश्चिमाञ्चल मा क्रमशः घट्दो जनसंख्या रहेको छ । अधिराज्य भर तेली जातिको कुल जनसंख्या ३०४५३२ रहेको छ । सवैभन्दा थोरै सुदूर-पश्चिमाञ्चल विकास क्षेत्रमा जम्मा १०१४ जनसंख्या रहेको पाइन्छ ।

**तालिका नं. ३**

**झापा जिल्लाको तेली जातिको जनसंख्या विवरण**

| क.स. | कुल | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १. | कूल | ३०७१ | ०.४९% |
| २. | पुरुष | १५८६ | ०.५०% |
| ३. | महिला | १४८५ | ०.४७% |

स्रोत के.त.वि. २०५८

तालिका नं. ३ अनुसार तेली जातिहरूको कूल १.३४ प्रतिशतमा ०.४९% अर्थात ३०७१ जनसंख्या झापा जिल्लामा वस्दछन् । जहाँ १५८६ पूरुष र १४८५ महिला रहेका छन् ।

## ४.२ पाँचगाछी गा.वि.स.: परिचय

यो गा.वि.स. झापा जिल्लाको पश्चिम-दक्षिण कूनामा अवस्थित छ । यस गा.वि.स. को पूर्व र उत्तरमा शिवगंञ्ज, दक्षिणमा महाभारा र पश्चिममा पाराबारी गा.वि.स. पर्दछ । यस गा.वि.स. लाई नौ (९) वडामा विभाजन गरिएको छ ।

**तालिका नं.–४**

**पाँचगाछी गा.वि.स.को वडागत जनसंख्या विवरण**

| वडा नं. | घरधुरी | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १. | ३६२ | ९४४ | ९४० | १८८४ |
| २. | ७८ | १८५ | २१३ | ३९८ |
| ३. | ३८२ | ९५३ | ८७३ | १८२६ |
| ४. | ३२७ | ८२२ | ८०७ | १६२९ |
| ५. | ३०० | ७२८ | ७५५ | १४८३ |
| ६. | २८८ | ७४६ | ७८४ | १५३० |
| ७. | १९१ | ४४६ | ४८६ | ९३२ |
| ८. | २३१ | ६१९ | ५५५ | ११७४ |
| ९. | ३१० | ८३० | ७५४ | १५८४ |
| जम्मा | २५१० | ६२७३ | ६१६७ | १२४४० |

स्रोत के.त.वि. २०५८

यस गा.वि.स. को कूल जनसंख्या १२४४० रहेको छ। जसमा पुरुषको ६२७३ जनसंख्या छ भने महिलाको ६१६७ जनसंख्या रहेको छ। जम्मा २५१० घरधुरी संख्या रहेको छ। वडा नं. १ मा सवैभन्दा बढी जनसंख्या रहेको छ भने वडा नं. ७ मा सवैभन्दा कम अर्थात ९३२ जनसंख्या रहेको छ। वडा नं. ३ मा सवभन्दा बढी घरधुरी संख्या ३८२ रहेको छ भने वडा नं. क्रमशः २,५,६ र ७ मा पुरुषको भन्दा महिलाको संख्या बढि भएको देखिन्छ।

### ४.३ तेली जातिको उत्पति

अनेकतामा एकता रहेको हाम्रो देशमा रहेका विभिन्न जातजाति मध्ये तराई क्षेत्रमा वसोवास गर्ने तेली जाति पनि एक हो । यी तेली जातिहरू कहाँबाट नेपाल आए ? यिनीहरूको उदगम स्थल कहाँ हो ? नेपालमा यिनीहरूको वसोवास कहिले देखि भएको हो ? भन्ने आधिकारिक तथ्य फेला पार्न सकिएको छैन तर पनि यिनीहरू भारतको 'कन्नोल र विहार' राज्यबाट आएको हुनुपर्दछ भन्ने अनूमान गर्न सकिन्छ (अर्याल २०५८)

अनुसन्धान क्षेत्र पाँचगाछी गा.वि.स. वडा नं. ३ अन्तर्गत वसोवास गरी रहेका तेलीहरू कहाँ र कहिले देखि यहाँ आएर वसेका हुन भन्ने कुनै आधिकारिक तथ्यहरू फेला पार्न नसकिएता पनि त्यहाँका स्थानीय वुढापाकाहरूले "यहाका तेलीहरू मिथिलाकै तेलीका सन्तान हौं र लगभग ९५० वर्ष देखि यही ठाउँमा वस्दै आएका छौ" भनी वताए ।

## ४.४ तेली जातिको जात वर्गीकरण

तेली जातिका मानिसहरू आफूलाई तेली भन्न नरुचाउने हुनाले उनीहरूको आफ्नो थर साह वा साहु लेख्ने गरेको पाइन्छ । यी जातिहरूको आफूलाई वर्ण व्यवस्था अन्तर्गत अछुत नभई वैश्य श्रेणीमा रहेको बताउँछन् । जात वर्गीकरणलाई हेर्दा त्यहाँका केही स्थानीय वुढापाकाहरूले ३ जात तिरोतिया, कनोजिया, मघैया भएको वताए ।

# अध्याय – ५

# सामाजिक तथा सांस्कृतिक अवस्था

## ५.१ परिचय

पाँचगाछी गा.वि.स.मा वासोवास गर्ने जातिहरूमा वाहून, क्षेत्री, दमाई, कामी, तेली, राजवंशी, ताजपुरीया, राई, लिम्बु, तामाङ्ग आदि पर्दछन् । यी जातिहरू आ-आफ्नो भाषा, धर्म, संस्कृति लिएर वसेका छन् । यस अध्ययन क्षेत्रको वडा नं. ३ को रंगेथान गाउँमा विशेषत तेली जातिका मानिसहरू वसोवास गर्दछन् ।

यस अध्ययनको विषयवस्तु तेलीजातिसँग सम्वन्धित भएकोले यस अध्यायमा यस जातिको भाषा, धर्म, संस्कृतिका साथै सामाजिक अवस्था, अन्तर्गत जनसंख्याको स्थिति, पारिवारिक वनावट, सामूदायिक भावना, राजनैतिक, शैक्षिक स्थिति, आदिको वारेमा विस्तृत वर्णन गर्ने जमर्को गरिएको छ । त्यसैगरी संस्कृतिले मानिसको जीवनको जन्मदेखि मृत्यू पछिसम्मका सम्पूर्ण क्रियाकलापको प्रतिनिधित्व गर्ने हुनाले प्रत्येक समाजका प्रत्येक सदस्यले मान्ने रीतिरिवाज, चाडपर्व, मूल्यमान्यता, परम्परा, धर्म, विश्वास, भाषा, भेषभूषा, खानपान, रहनसहन विभिन्न संस्कार आदि कुरालाई व्यख्या गर्ने जमर्को गरिएको छ ।

## ५.२ तेली जातिको अन्य जातिसँगको सम्बन्ध

यहाँ बसोबास गर्ने तेलीहरुको अन्य जातिसँगको सम्बन्ध राम्रो रहेको पाइन्छ ।यहा बसोबास गर्ने ब्राम्हण, क्षत्री, राजवँशी, ताजपुरीया, तामाङ,सतार,दमाई,कामी लगायत माथिल्लो जातिसँग यिनीहरुको राम्रो सम्बन्ध रहेको देखिन्छ । खेती कार्य गर्दा पर्मसाटासाट गर्ने काममा राजवंशी , ताजपुरीया सँग राम्रो सम्बन्ध रहेको छ । कुटो, कोदालो,हँसियामा धार लगाउने कामीसँग र लुगा सिउने काम दमाइले गरिदिने हुनाले दमाईसँग पनि सम्बन्ध रहेको पाईन्छ । यिनीहरु दमाई,कामी,सतारले छोएको भात,पानी खाँदैनन् र छोएमा छिटो हालेर चोख्याउने गर्दछन् । तर यिनीहरुले छोएको पनि राजपूत, मैथिलीहरुले खादैनन् ।यस ठाउँमा बसोबास गर्ने सबै जातजातिका आजसम्म कुनै पनि साम्प्रदायिक दङ्गा तथा तनाव भएको पाइदैन ।

## ५.३ जनसंख्या

मानिसहरूको बसोबास विना समाजको परिकल्पना गर्न सकिदैन । कूनै पनि समाज क्षेत्र वा देशको सामाजिक, सांस्कृतिक, आर्थिक, राजनैतिक एवं शैक्षिक स्थितिको परिवर्तनमा जनसंख्यको प्रमुख भुमिका रहेको हुन्छ । जनसंख्याको स्थितिको अध्ययन अत्यन्त जरुरी कुरा हो किनभने यसले समाजको आकारप्रकार, सामाजिक परिवर्तन र सामाजिक सम्वन्ध आदिमा प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पार्दछ । अध्ययन क्षेत्रमा जम्मा तेली घरधूरी संख्या ८६ वटा रहेका छन । ती मध्ये ४३ घरधूरी नमूना छनौटको रूपमा लिइएको छ । जून जनसंख्यालाई तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. ५**

**छनौट गरिएका तेली परिवारको लिगंको आधारमा जनसंख्याको विवरण**

| क.स. | लिंग | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पुरुष | १८१ | ५६.३९ |
| २ | महिला | १४० | ४३.६१ |
| | कूल | ३२१ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०६५

यस अध्ययन क्षेत्रका छनौटमा परेका ४३ तेली घरपरिवारको कूल जनसंख्या ३२१ रहेको छ । जसमा १८१ अर्थात ५६.३९% पूरुष संख्या रहेको छ भने १४० अर्थात ४३.६१% महिलाहरूको संख्या रहेको देखिन्छ । पूरुषको भन्दा महिलाको जनसंख्या ३% ले कमि देखिन्छ ।

## ५.४ पारिवारिक संरचना

अध्ययन क्षेत्रमा बढी मात्रामा एकल प्रकारको परिवार पाइन्छ । यिनीहरूमा विवाह हुनु भन्दा पहिले वावुआमा, दिदीवहीनी, दाजुभाइ सँगै एउटै परिवारमा वस्ने र विवाह पछि छोरालाई

छुट्याएर राख्ने चलन छ भने छोरीलाई पराईघर पठाउने चलन रहेको छ । कुनै कुनै परिवारमा काका-काकी उनीहरूका छोराछोरी समेत रहेको संयूक्त परिवार पनि पाइन्छ । परिवारका हरेक सदस्यहरू वीचमा राम्रो र उचित सम्वन्ध रहेको पाइन्छ । परिवारमा सवै सदस्यहरू समान देखिए तापनि पिता वा पतिको अधिकार अरुको भन्दा केही बढी भएको पाइन्छ । यस जातिको परिवारमा आमाबावुको कर्तव्य र अधिकार समान भए पनि पितृसत्तात्मक परिवारको परीपाटी भएकोले महिला भन्दा पुरुषको प्रधानता रहेको छ । परीवारको नजिकको नाता पर्ने जस्तैः काका, भतिजा, दाजूभाई, आदिको घर नजिक नजिक प्रायः एउटै आगन जोडेर वनाइएको पाइन्छ । लोग्ने मानिसको काम वाह्य रेखदेख, आर्थिक कारोवार खेतीपातीको काम घर गृहस्थीको लागी आवश्यक समान जुटाउने काम हुन्छ भने स्वास्नी मानिसको काम वालवच्चाको स्याहार-हेरचाह, सरसफाई, घरभित्रको रेखदेख, पाहुनापाछाहरूको सम्मान खानपानको व्यवस्था आदि काम गर्ने गर्दछन् ।

**तालिका नं. ६**

**छनौट गरिएका तेलीपरिवरको पारीवारिक संरचनाको विवरण**

| क्र.स. | परिवारको प्रकार | घरसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | एकल | २९ | ६७.४४ |
| २ | संयुक्त | १४ | ३२.५६ |
| | कूल | ४३ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०६५,

माथिको तालिका अनुसार ४३ घरपरिवार मध्ये २९ अर्थात ६७.४४% एकल परिवार रहेको देखिन्छ भने १४ अर्थात ३२.५६% संयूक्त परिवार भएको देखिन्छ । एकल परिवारमा आमा, बावु र उनीहरूको अविवाहित छोरा छोरीहरू वसोवास गरेको पाइन्छ भने संयुक्त परिवारमा आमा वावु, हजुरबा, हजुरआमा, विवाहित छोरा नाति, अविवाहित छोरीहरू, नाती नातिनीहरू आदि रहेका पाइन्छ । यस जातिमा एकल परिवारको वाहूल्यता भएको पाइन्छ ।

### ५.४.१ सदस्य संख्याको आधारमा पारीवारिक संरचना

अध्ययन क्षेत्रमा तेली समूदायमा एकल परिवारको वाहुल्यता रहेता पनि संयूक्त परिवार पनि पाइन्छ । प्रत्येक परिवारमा कति परिवार सदस्य संख्या रहेका छन् भन्ने कूरा तलको तालिकामा प्रष्ट देखाइएको छ।

**तालिका नं. ७**

**परिवारमा सदस्य संख्याको आधारमा परिवारको विवरण**

| क्र.स. | सदस्य संख्या | घरसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १ देखि ५ जना सम्मको परिवार | २३ | ५३.४५% |
| २ | ६ देखि ९ जना सम्मको परिवार | १७ | ३९.५३% |
| ३ | १० भन्दा माथि | ३ | ७.९८ |
| कूल | | ४३ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०६५,

माथिको तालिका अनुसार छनौट गरिएका ४३ घरपरिवार मध्ये १ देखि ५ जना सदस्य संख्या भएको परीवार २३ अर्थात ५३.४५ प्रतिशत पाइन्छ। ६ देखि ९ जना सम्म भएको परीवार १७ अर्थात ३९.५३ प्रतिशत पाइन्छ । यसैगरी १० जनाभन्दा बढि परिवारका सदस्य भएको घरसंख्य ३ अर्थात ७.९८ प्रतिशत पाइन्छ। अध्ययनको क्रममा गरिएको यस सर्वेक्षणमा सवैभन्दा कम परिवारका सदस्य भएको परिवारमा २ जना र सबभन्दा बढी परिवारका सदस्य भएको परिवारमा १४ जना भएको पाइन्छ।

### ५.५ स्वभाव र प्रकृति

अत्यन्त परिश्रमी, इमान्दार र सोझा स्वभावका तेलीहरूको जीवनशैली सरल छ। सिधा र दयालु, अरुको सहयोग गर्ने प्रवृति, सामुहिक क्रियाकलापमा सहभागी हुने आफ्नो व्यवहारबाट

अरुको चित्त नदुःखोस भन्ने धारणा रहेको पाइन्छ । यिनीहरू समाजमा रहेका अन्य जातिसँग घूलमिल भएर मिलेर वसेको देखिन्छ । पाहुनालाई आदरभाव र सम्मानपूर्ण व्यवहार गर्नू आफ्नो परम्परा हो भन्दछन् । अत्यन्त, मिलनसार, इमान्दार र अनुशासित व्यवहार आफ्नो साँस्कृतिक पहिचान ठान्दछन् ।

## ५.६ शारीरिक वनावट

यस अध्ययन क्षेत्रमा तेलीहरूमा पुरुषहरू सामान्य कदका (लगभग ५-६ फूट) सम्मको उचाईका छन् भने महिलाहरू ४-५ फूट सम्मका छन् । यिनीहरूको छालाको रंग प्रायजसो कालो नै देखिन्छ । नाक चुच्चो र आँखा गोलो छ । यिनीहरूको कपाल तथा आखाको रंग पनि कालो नै देखिन्छ ।

## ५.७ घरको वनावट

यस क्षेत्रमा वसोवास गर्ने तेलीहरू आफ्नो समूदायका मानिसहरू वसोवास गरेको ठाउँमा एकत्रित भएर वसेका छन् । यहाँका अधिकांश घरहरू फूस तथा टिन वा जस्ताले छाइएका छन् । केही केही धनी तेलीहरूले दुईतले पक्की सिमेन्ट रोडा इट्टाबाट घर वनाएको पाइन्छ । यी घरहरूमा प्रायजसो बरण्डा निकालिएको छ । घरहरूमा प्रायः वरीपरी टाटी बेरा लगाएर बिचमा आँगन राखेको पाइन्छ । फूसको घर वनाउँदा बाँस वा परालको भित्ता बनाई त्यसमा माटो भुसा आदि मोलेर लेप लगाई वाहिरबाट राम्रा-राम्रा रंगी विरंगी रंगहरूले पोतेर विभिन्न चित्रहरू बनाई घर सजाएको देखिन्छ । प्रायः सवैको घरमा देवताको पूजा गर्ने भिन्दै सानो परालको झुप्रो वनाएका छन् । गाई वस्तु बान्ने घर छुट्टै वनाएको पाइन्छ । धान राख्ने ढिकुटी समेत घरको नजिकै माटाको गारो लगाई वनाएको पाइन्छ ।

**तालिका नं. ८**

**तेलीघरको छानाको विवरण**

| क.स. | छानाको किसिम | घरसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | फूस | २१ | ४८.८४ |
| २ | टिन/जस्ता | २० | ४६.५१ |
| ३ | ढलान | २ | ४.६५ |
| | कूल | ४३ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०६५,

तालिका नं. ८ बाट के स्पष्ट हुन्छ भने यस क्षेत्रमा छनौटमा परेका ४३ घर मध्ये फूसको छाना भएको घरसंख्या २१ अर्थात ४८.८४ प्रतिशत हुन आउँछ । टिन वा जस्ताले छाएको घरहरू २० अर्थात ४६.५१% छन् भने ढलान गरेका घरहरू २ अर्थात ४.६५% हुन आउँछ ।

## ५.८ भाषा

यस क्षेत्रका तेलीहरूले वोल्ने भाषा मैथिली भएको पाइन्छ । यिनीहरु आफ्नो समूदायमा मानिसहरू सँग वोल्दा मैथिली भाषा प्रयोग गर्दछन् भने समूदाय वाहिरका अन्य व्यक्तिहरू सँग वोल्दा नेपाली नै वोल्ने गरेको पाइयो ।

## ५.९ पेशा

तेलीजातिहरूको तेल पेल्नु पुर्ख्यौली पेशा भए पनि आजभोली खेती गर्नु मूख्य पेशा भएको छ । केही एक-दुई घर तेलीहरूले भने आफ्नो पूर्ख्यौली पेशा तेल पेल्ने काम गरीरहेका छन् । जसको आफ्नै तेल पेल्ने मिल वा मेशिन भएको पाइन्छ । खेतीपाती वा गोडमेलको कार्य गर्दा पर्म (श्रम साटासाट) गर्ने चलन यस जातिमा पनि भएको देखिन्छ ।

**तालिका नं. ९**

**प्रमुख पेशा वा व्यवसायको आधारमा छनौट गरिएका घरमुलिको विवरण**

| क.स. | मुख्य पेशा | घर संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि | २६ | ६०.४६ |
| २ | व्यापार | ८ | १८.६१ |
| ३ | नोकरी | ४ | ९.३० |
| ४ | उद्योग | १ | २.३३ |
| ५ | मजदुरी | ४ | ९.३० |
| | जम्मा | ४३ | १०० |

स्रोतः-स्थलगत सर्वेक्षण २०६५

माथिको तालिकाले देखाए अनुसार जम्मा घरमूली मध्ये २६ अर्थात ६०.४६% घरमूलीले कृषि पेशा गरेको पाइन्छ । ८ अर्थात १८.६१% घरमूलीको व्यापार गरेका छन भने ४ घरमूलीले नोकरी गरेका छन् । १ जना घरमूलीको तेल पेल्ने उद्योग भएको देखियो भने बाँकी ४ अर्थात ९.३०% घरमूलीको ज्यालादारी मजदूर काम गरेको पाइन्छ ।

## ५.१० धर्म

अध्ययन क्षेत्रका तेलीहरू हिन्दु धर्म मान्ने गर्दछन । हिन्दू देवीदेवताहरू ब्रम्हा, विष्णु, महेश, राम, कृष्ण, पार्वति, काली, दुर्गा, गणेश, आदिको पूजा गर्दछन् । दैनिकरूपमा यिनीहरूले विष्णु, राम, कृष्ण आदिको मूर्ति तथा फोटोहरू पूजा गर्दछन् । विभिन्न धार्मिक उत्सवहरूमा देवीदेवताका माटोका मूर्तिहरू बनाइ पूजा गर्ने र पूजाविधि समाप्त भएपछि नजिकैको खोला वा

पोखरीमा लगेर विसर्जन गर्ने गर्दछन् । यिनीहरूले आफ्नो कूल देवी खोला वा पोखरीलाई मान्दछन् ।

## ५.११ भेषभुषा

यस ठाउँमा गर्मी महिनामा अत्याधिक गर्मी हुने हुँदा यहाँ वसोवास गर्ने यी जातिका पुरुषहरूले धोती, कूर्ता, लुंगी, लगाएको पाइन्छ भने महिलाहरूले सारी, चोलो, साया, लगाएको पाइन्छ । तर अहिले शिक्षा र आधुनिकता को प्रभावले गर्दा युवाहरू सर्ट, पाइन्ट लगाउँछन् भने युवतीहरू कुर्ता सलवार र मिड्डी जस्ता आधुनिक कपडाहरू लगाएको देखिन्छ ।

## ५.१२ खानपान

दैनिक खानपानका वस्तुहरू स्थानिय स्तरमा उत्पादित वस्तुहरू जस्तै धान, गहुँ, रहर, चना, खेसरी, केराउ, तरकारी र फलफूल नै मूख्य रहेको पाइन्छ । यिनीहरू विहान दाल भात तरकारी नै रुचाउँछन् भने साँझ दाल रोटी खाने गर्दछन् । धेरै जसो तेली परिवारहरू वैष्णव धर्म मान्ने हुनाले अध्ययन क्षेत्रमा साकाहारी भोजन बढी चल्ने गर्दछ । यिनीहरू दुध, दही प्रसस्त मात्रामा खाने गर्छन् ।

## ५.१३ चाडपर्वहरूः

### ५.१३.१ सिरुवाः

यो पर्व प्रत्येक नयाँ वर्ष अर्थात वैशाख १ गते मनाउने गर्दछन् । नया वर्ष लाग्ने अघिल्लो दिन अर्थात चैत्र मसान्तको दिन घर आगन लीप पोत, सरसफाई गरी चोखो शुद्ध गर्दछन् । वैशाख १ गते शरीरमा हिलो माटो घसेर नुहाउने गर्छन । हिलो माटोको अर्थ दुःख कष्ट वाधा आदि रहेको पाइयो जसलाई शरीरमा दलेर पखाल्दा वर्षभरीको दुःख कष्ट र वाधाहरू पखालिन्छ र नयाँ वर्षभरी कुनै दुःख कष्ट र वाधा अवरोध नआऊन सुख शान्ति र समृद्धि होस् भन्ने

कामनासहित देवी देवताको पूजाआजा गरेर आफ्नो शक्ति अनूसार मिठो-मिठो पकाएर खाने गरेको पाइन्छ । यस दिनमा नयाँ राम्रो लुगा लगाउने चलन छ ।

### ५.१३.२ कृष्णअष्टमीः

कृष्णअष्टमी आउनुभन्दा १५ दिन अगाडीदेखि कृष्णमन्दिरमा गई कृष्णझुलन गर्दछन् । कृष्णजन्माष्टमीका दिन भगवान कृष्णको माटोको मूर्ति वनाई धुमधामका साथ पूजा गर्दछन् । त्यो दिन गाउँमा मेला लाग्दछ । रात्रिमा जाग्राम वस्दछ । मोलिपल्ट माटोको कृष्ण मूर्तिलाई नजिकैको खोला वा पोखरमिा लगेर सेलाउने वा विसर्जन गर्दछन् ।

### ५.१३.३ दशैः

घटस्थापना देखि नै घरहरू सरसफाई गर्ने लिपपोत गरी खानपिनको व्यवस्था आदि गर्ने गर्छन् । दशमीको दिन दुर्गा, काली भवानीको पूजा गर्ने गर्दछन् । जमरा टिका यिनीहरू लगाउदैनन् । सत्यको सधै जित होस भनेर भवानीको पूजा गर्दछन् ।

### ५.१३.४ तिहार/लक्ष्मीपूजाः

यस जातिले सवैभन्दा ठुलो चाड तिहार वा लक्ष्मीपूजालाई मान्दछन् । लक्ष्मीपूजाको दिन घर आगन चोक सवैतिर गाईको गोबरले लिपेर चोख्याउने गर्दछन् । साँझमा घरको लक्ष्मीको पूजा गरी खेतवारी वा अन्नवालीमा वत्ती वाल्ने गर्छन् । आफ्नो अन्नवालीमा किरा नलागोस, अन्नको सहवसोस, लक्ष्मीले सधै धनधान्य पारुन भनी खेतमा बत्ती वाल्ने गरेको पाइन्छ । वेलुकी आ-आफ्नो करेसा वारीमा गई आगाको पुल्ठो वा राको बालेर आकासतिर फाल्ने गर्दछन् । जसलाई उनीहरू हुक्कालो भन्दछन् । हुक्कालो खेल्दा पूर्खा वा मरेका पितृलाई सम्झेर उनीहरूको नाम वोलाई वत्ती वा राकोलाई आकासतिर फाल्ने गर्छन । मरेका आत्माहरू (पितृहरू) विच वाटामै छन भने पनि हुक्कालो खेल्दा स्वर्गमा पुग्दछन भन्ने उनीहरूको विश्वास रहेको पाइन्छ । हुक्कालो खेली सकेर 'वगिया' (चामलको पिठोलाई डल्ला वनाएर पानीमा उसिनेको) प्रसाद स्वरूप खाने गर्दछन् । भोलिपल्ट गोवर्धन पूजाको दिन गोवरको गोवर्धन पर्वत वनाई गाई र गोरुको पूजा

गर्ने गर्छन् । भाइटिकाको दिन दिदीवहिनीले दाजूभाईलाई टिका लगाई मिठो-मिठो खोनकूरा ख्वाउने गर्दछन् ।

### ५.१३.५ छैटः

छैट पर्वमा भगवान श्री सूर्यनारायणको पूजा गर्दछन् । व्रतालूले एक दिन अघि देखि नै निरहार व्रत बसी नजीकैको नदीमा गएर पानी भित्रै उभिएर उदाउँदो सूर्य र अस्ताउदो सूर्यको पूजा गर्दछन् । यो व्रत ३ दिनसम्म चल्ने गर्छ । बढो कठिनका साथ यो व्रत लिने गर्दछन् । व्रत सिद्धिएपछि व्रतालु आ-आफूले आफ्नो भोजन तयार गरी खाने गर्दछन् । छैट ब्रत शुद्ध मनले गर्न सक्दा श्री सूर्य नारायाणले जे माग्यो त्यही वरदान दिन्छन् भन्ने विश्वास उनीहरूमा पाइन्छ ।

### ५.१३.६ माघे सक्रान्तिः

हरेक वर्षको माघको १ गते पर्ने यो चाडमा विहान सवेरै उठि जीउमा तेल वा वेसार घसेर नजिकैको नदीमा गएर नुहाउने गर्छन । यस दिन तेल घसेर नुहाउनाले शरीरमा लागेको शर्दी लुतो जाने विश्वास उनीहरूमा पाइन्छ । नुहाइसकेर तिलको जट्टाको आगो ताप्ने र तिलको लडड् मह खाने गर्छन् ।

### ५.१३.७ फागुपूर्णिमाः

तराईमा वसोवास गर्ने हरेक जातिहरूले हर्षोल्लासका साथ मनाउने यो रंगिन चाड यस क्षेत्रका तेली समूदायले पनि मानाउँदै आएको पाइन्छ । यस दिन घर वरीपरीका सदस्यहरू, वरपर छिमेकका दाजुभाई, दिदीवहीनीहरू भेला भएर एक आपसमा विभिन्न रंग विशेष गरी रातो अबीर दलेर रमाइलोकासाथ फागूपूर्णिमा अर्थात होली मनाउने गरेको पाइन्छ ।

### ५.१३.८ शिवरात्रीः

शिवरात्रीको दिन घर-घरमा माटाको शिवजी वनाई नजिकैको शिवालय मन्दिरमा गई शिवजीलाई जल चढाउने गर्दछन् । दिनभरी व्रत वसेर रात्रि भजन कृतन गरी जाग्राम वस्दछन् र उज्यालो भए पछि नुहाईसकेर फेरी शिवजीको पूजा गरी सकेर प्रसाद खाने गर्दछन् त्यस पछि पूजा सकिन्छ ।

## ५.१४ जन्मदेखि मृत्युपर्यन्तका कार्यहरू:

### ५.१४.१ जन्म संस्कार

जन्मेपछि नवजात शिशुलाई नुहाइदिने र सफा शुद्ध कपडाले वेरेर राख्ने त्यसपछि वाखाको दुध चठाउने चलन रहेको पाइन्छ । वाखाको दुध चठाएमा वच्चा स्वास्थ्य र फूर्तिलो हुने विश्वास उनीहरूमा रहेको पाइयो ।

### ५.१४.२ छठ्यार:

वच्चा जन्मे देखि छैटौ दिन सम्मं घरलिपपोत गरी वच्चा सूताउने कोठामा दियो वाल्दछन् । छैटौको दिन वच्चाको कपाल खैरिदिई, आमा र वच्चा दुवैलाई स्नान गराई, तेल लगाई नयाँ व्रस्त्र पहिराउँछन् । पण्ठितद्धारा कूलदेवता तथा विष्णूको पूजा गर्दछन् । यसदिन भोज खुवाउने चलन रहेको पाइन्छ । कोही-कोही राती जाग्राम पनि वस्दछन् । त्यसदिन वच्चा सुताउने कोठामा रातभरी दियो वाली वच्चाको सिरानमा कपि, कलम राखेको पाइन्छ । विद्याताले विद्ववान बनोस राम्रो भाग्य लेखी दिऊन भनेर उनीहरूले वच्चाको सिरानमा कपी, कलम राखेको पाइयो । सामान्यतया यस दिन पहेलो वस्त्र शुद्ध र शुभ समेत मानिने हुदा आमा, वच्चा र पुरेतलाई समेत पहेलो वस्त्र धारण गर्न लगाउँदछन् ।

### ५.१४.३ नामाकरण:

तेली समूदायमा वच्चा जन्मेको ११ दिन देखि १ महिना भित्रमा नाम राख्ने चलन छ । साधारणतया: वृद्ध सदस्यद्धारा वच्चाको नामाकरण गर्ने चलन छ । वच्चा जन्मेको वारको अगाडीको अक्षरबाट वच्चाको नाम राखीन्छ । जस्तै: वच्चा आइतवार जन्मेको छ भने आइतवारी, अमर, आरती, राख्ने चलन छ । आजभोली वच्चा जन्मेको छ वा ११ दिनको दिन पण्डित द्धारा राशी, नक्षेत्र हेरी नाम जुराउने चलन रहेको पाइन्छ । यस कार्यमा आफन्तजनलाई बोलाई वेलुकी भोज खुवाउने गरेको पाइन्छ ।

### ५.१४.४ भात खुवाई

वच्चा जन्मेको ६ महिनामा भात खुवाई संस्कार गर्दछन् । वच्चा वढदै जादा आमाको दुधले पुग्दैन र उसले अन्न पनि खान सिकोस प्राणदाता अन्नलाई ग्रहण गर्न सकोसताकि उसको स्वास्थ्य राम्रो होस भनी भात खूवाई संस्कार गरेके पाइयो । यस कार्यमा आफन्तहरू भेला भई वच्चालाई खीर खुवाउने गर्दछन् यसदिनमा पनि भोज खुवाउने गरेको पाइन्छ ।

**५.१४.५ मुण्डन संस्कारः**

यो जातिले वच्चा ३ वर्षभए देखि ५ वर्षको उमेर भित्रमा मुण्डन संस्कार गर्दछन् । वालकको चिरञ्जीवी र सु-स्वास्थ्यको लागी यो संस्कार गरेको पाइयो । मुण्डन संस्कार गर्दा पण्डितद्धारा मन्त्र पढि वच्चालाई स्नान गराई नयाँ वस्त्र पहिऱ्याई कपला काटिन्छ । कपाल काटिसकेपछि पुनः स्नान गराउँदछन र कूलदेवताको पूजा गर्दछन् । यो संस्कारमा आफन्त नजिकका नातेदारहरू जस्तैः छोरी ज्वाई, वैनी, भान्जा, भान्जीहरूलाई दुईचारदिन अगाडी देखि नै वोलाई घरको रौनक बढाउँदछन् । यसदिन हुनेखाने ठूला वडाले राम्रै भोज गर्दछन् भने नहुनेहरूले साधारण भोज खुवाउने गरेको पाइन्छ ।

**५.१४.६ मृत्यु संस्कारः**

तेली समूदायमा कूनै सदस्यको मृत्यु भयो भने सवैभन्दा पहलिा लासलाई नुहाई शुद्ध बनाउँछन त्यसपछि हरियो बाँसको फड्का बनाई त्यसमाथि लासलाई सुताई फडकोमा बाधिन्छ । सेतो कपडाले सम्पूर्ण लास छोपी त्यसमाथि रामनामी पहेलो व्रस्त्रले छोपेर नजिकैको खोलामा लगि लास जलाउँदछन् । लास जलाउदा जेठो वा कान्छो छोराले दागवत्ति दिन्छन् ।

तेली जातिमा मृत्यु संस्कार गर्दा २ जना पण्डित चाहिन्छ । एकजना पण्डित घरमा चाहिन्छ जसलाई, कूल पण्डित भन्दछन् अर्को घाटको लागि चाहिन्छ जसलाई कण्ठा पण्डित भन्दछन् । कण्ठा पण्ठितद्धारा लास जलाउने कार्य गरिन्छ । लास पूर्णरूपमा जलेपछि मात्र मलामी घर फर्कन्छन् । मलामी जाने सवै मानिसहरू अपवित्र हुने हुनाले उनीहरूले पनि खोलामा स्नान

गरेर धोएको सफा लुगा लगाई चोखिन्छन् । घरको मूल ढोकामा पस्दा पानी, आगो वा खुर्सानी छोएर मात्र ढोका भित्र प्रवेश गर्दछन् घाटमा जादा आफ्नो शरीर सँगै भूत प्रेत आउन सक्छ । त्यसैले पानी, आगो खुर्सानी छोएमा उक्त भूत प्रेत भाग्ने विश्वास उनीहरूमा भएको पाइयो ।

यस जातिमा दागवत्ती दिने व्यक्तिले मात्र क्रिया वस्ने नियम भएको देखिन्छ । जून छोराले दागवत्ति दिएको छ उसले सेतो कपडा लगाई क्रियामा वस्दछ । लास जलाएर घरमा आएपछि वेलुकी कण्ठा पण्डितले “दुध मुह” विधि गराउँछन् । यस विधिमा क्रिया वस्ने व्यक्तिले भात र दुध मुखमा लगाई जुठो सम्म गरी पोखरीमा फ्याक्दछन् चौथो दिन क्रियापुत्रीलाई खोलामा लगी स्नान गराउछन् । ५,६,७,८ र ९ दिन कूलको पण्डितले घरमा काम गराउछँन । दशौँ दिन मा कूल पण्डितले आफन्त नातेदारलाई शुद्ध पार्ने काम गर्दछन् । ११ औँ दिनमा घर वाहिर पिण्ड दिन्छन् । यो दिन कण्ठा वा घाटको पण्डितलाई भोज खुवाउँदछन् । १२ औँ दिनमा आगनमा पिण्ड दिन्छन् । १३ औँ दिनमा “पितरपक्ष” विधि गर्दछन् । यस दिन पण्डितलाई दान गर्दछन् । यस दिन पण्डितलाई दिएको दान दक्षिणा परलोकमा पितृहरूले पाउने उनीहरूको विश्वास रहेको पाइन्छ । १३ औँ दिनमा सम्पूर्ण आफन्त नातेदारलाई वोलाई भोज खुवाउँछन् । त्यसपछि क्रियामा वस्ने व्यक्ति शुद्ध मानिन्छ । भेला भएका मान्यजनलाई क्रियापूत्रिले खुट्टामा ढोगी आशिर्वाद लिन्छन र कुलदेवताको पूजा गर्दछन् । यस विधि पछि मृत्यु संस्कार समाप्त भएको मानिन्छ । एक वर्ष पछि मृत्यु भएको तिथीमा श्राद्ध गर्दछन् । श्राद्धमा नाताकुटुम्बलाई वोलाई भोज खुवाउँछन् । त्यस पछि श्राद्ध गर्दैनन् ।

### ५.१५ आर्थिक अवस्था

अध्ययन क्षेत्रका अधिकांश तेलीहरू मध्यम वर्गका रहेका छन् । यिनीहरूको मूख्य पेशा कृषि नै हो । केही जमिन्दार तेलीहरूले भने आफ्नै घरमा तेल पेल्ने मेसिन राखी आफ्नो पुर्ख्यौली पेशा तेल व्यापार गरेका छन् । अधिकांश तेलीहरूसँग आफ्नै घर जग्गा छ भने केही परिवार मात्र भुमिहिन छन् । तेली परिवार सँग भएको भूमिको विवरणलाई तलको तालिकामा प्रष्ट पारिएको छ ।

**तालिका नं. १०**

**तेली परिवारको स्वामित्वमा रहेको भुमिको विवरण**

| क.स. | भुमिको क्षेत्रफल | घरसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | भुमिहिन | ४ | ९.३० |
| २ | १-१० कट्ठा | १९ | ४४.१९ |
| ३ | १०-२० कट्ठा | १२ | २७.९१ |
| ४ | १ विघा-५ विघासम्म | ७ | १६.२८ |
| ५ | ५ विघा भन्दा माथि | १ | २.३३ |
| | कूल | ४३ | १०० |

स्रोतः-स्थलगत सर्वेक्षण २०६५

तालिका न.. १० अनुसार कूल ४३ घर मध्ये ४ घरपरिवार अर्थात ९.३०% भूमिहिन देखिन्छ । १ देखि १० कट्ठा जमिन हुने १९ घर अर्थात ४४.१९% भएको देखिन्छ । १२ घरपरिवारसँग १०-२० कट्ठा जमिन छ । त्यसै गरी १ विघा देखि ५ विघासम्म ७ घरधुरी अर्थात १६.२८% सँग उक्त जमिन छ । ५ विघाभन्दा माथि १ घरको मात्र जमिनमा स्वामित्व रहेको छ । यहाको जमिन खेतीपातीको लागी उर्वरा मनिन्छ । हिउँदे र नगदे दुवै बाली लगाउन सकिन्छ ।

**५.१६ शैक्षिक स्थितिः**

शिक्षा प्रदान गर्नु भन्नु नै ज्ञान प्राप्त गर्नु हो । यो जीवन पर्यन्त चलिरहने प्रक्रिया हो । वास्तवमा भन्ने हो भने ज्ञान सीप र मूल्यहरूको व्यवस्थित र औपचारिक संरचनालाई शिक्षा भनिन्छ । अनुसन्धानको क्रममा यहाँका घरमूलिहरूको शिक्षाको अवस्थालाई तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. ११**

**छनौट गरिएका घरमूलिको शिक्षाको स्थितिः**

| क.स. | साक्षरता | घरसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | साक्षर | ३३ | ७६.७४ |
| २ | निरक्षर | १० | २३.२६ |
| | जम्मा | ४३ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०६५

माथि उल्लेखित तालिकाले देखाए अनूसार जम्मा ४३ घर मूली मध्ये ३३ घरमूलीहरू साक्षर रहेको र १० घरमूलिहरू निरक्षर भएको देखियो । यस तालिकाबाट निरक्षर भन्दा साक्षर घरमूलीको संख्या नै बढि देखिन्छ ।

यस क्षेत्रमा एउटा मात्र निम्न माध्यमकि विद्यालय भएको हुँदा यस भन्दा पछाडिको पढाई महिलाद्धारा भएको पाइएन् । कोही कोही ले मात्र एस.एल.सी. सम्मको पढाई पूरा गरेको छन् भने अधिकांस पुरुषहरूले एस.एल.सी. गरेका छन् ।

### ५.१७ स्वास्थ्य

यहाँका तेली जातीहरू पहिले-पहिले धामी झाक्रिलाई अत्याधिक विश्वास गरे पनि आजभोलि विरामी पर्दा स्वास्थ्य चौकी नै गएको देखिन्छ । तर पनि २/४ घर भने अहिले पनि

आफू विरामी पर्दा पहिले झारफूक गर्ने त्यसपछि निको नहुदा स्वास्थ्य चौकी वा अस्पताल जाने गरेको पाइयो ।

आजभोली स्वास्थ्य विषयमा गरिने प्रचार र महिला स्वयमसेविकाको सक्रियता आदिले गर्दा यिनीहरूले आफ्ना वच्चाहरूलाई खोप लगाउने पोलियो थोपा खुवाउने, भिटामिन ए क्याप्सूल खुवाउने, १४ वर्ष देखि ४५ वर्षसम्मका महिलाहरूले टि.टि खोप लगाउने, सुढेनी वा स्वास्थ्य स्वयंसेवीका द्धारा सुत्केरी गराउने गर्न थालेका छन् । तेली जाति कै स्वास्थ्य स्वयंसेवीका भएको हुनाले आजभोली विरामी पर्दा प्रायजसो अस्पताल गएको पाइन्छ । वसोवास गरेको घरपरिवार हेर्दा लीपपोत गरी चिटिक्क पारेको देखियो भने व्यक्तिगत सरसफाई, नुहाई धुवाइ गर्ने, घर पिढी सफा गर्ने काम राम्रो भएको देखिन्छ ।

**तालिका नं. १२**

**तेली घरमूलिको उपचार पद्धतिको विवरण**

| क्र.स. | उपचार पद्धति | घरमूलिको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | अस्पताल | ३९ | ९०.७० |
| २ | धामी झाक्रि र अस्पताल | ४ | ९.३० |
| | जम्मा | ४३ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०६५

माथिको तालिका अनुसार कूल ४३ घरमूलिमा ४ घरले मात्र अर्थात ९.३०% विरामी पर्दा पहिले धामी झाक्रिकोमा लैजाने त्यसपछि निको नहुँदा मात्र अस्पताल जाने गरेको देखियो भने वाँकी ३९ घरमूलि अर्थात ९०.७०% ले विरामीलाई पहिले अस्पताल लगेको देखिन्छ ।

### ५.१८ महिलाको अवस्था

महिलाको अवस्था सामान्य रहेको छ । स्त्री पुरुषको पारस्पारिक सहयोगबाट नै घर चल्दछ भन्ने धारणा यहाँका तेलीहरूको पाइन्छ । स्त्रीलाई आदर गर्दछन् । घरका सम्पूर्ण काम महिलाले

नै संहालेको पाइन्छ । कतिपय महिलाहरूले पुरुषलाई खेतीपातीमा समेत सहयोग गरेको पाइन्छ । विवाहित महिलाहरू पर्दा प्रथा गर्दछन् । मान्यजन तथा परपूरुषलाई देखेपछि सारीको सप्कोले टाउको पूरै छोपेको देखिन्छ । भने शिक्षित महिलाले टाउको पूरै नछोपी निधारसम्म छोपेको देखियो ।

विधवा विवाहले राम्रो मान्यता पाएको छ । यहाँ वाल विवा भएको पाइदैन । विवाहको लागी केटीको उमेर १८ वर्ष र केटाको २१ वर्ष पूरा हुनु पर्दछ भन्ने धारणा रहेको पाइन्छ ।

## ५.१९ राजनैतिक स्थितिः

यस क्षेत्रमा वसोवास गर्ने जातिको राजनैतिक अवस्था त्यति सवल वन्न सकेको पाइदैन । आफ्ना हक हित र अधिकारको विषयमा संगठित हुन सक्ने क्षमता यिनीहरूमा नभएतापनि चूनावमा भने आफ्नो मताधिकारीको प्रयोग गरी भोट खसाल्ने गर्छन् । हालसम्म स्थानीय निर्वाचनमा यो जातिको वडा सदस्य स्थानीय निर्वाचनमा यो जातिको वडा सदस्य निर्वाचीत भएको देखिदैन । राजनैतिक चेतनाको स्तर कम नै भएको पाइन्छ ।

# अध्याय – ६

# तेली जातिको वैवाहिक स्थिति

## ६.१ विवाहका विधिहरू

प्रत्येक समाजको आफ्नै प्रकारको विशेषता अनुसार विवाहको प्रकार फरक फरक भए पनि विवाह गर्ने प्रचलन जुनसुकै समाजमा चलेकै हुन्छ । विवाह सामाजिक संगठनको एक अंग हो यसले समाजलाई सामाजिक, साँस्कृतिक एंव भौतिक रूपले सहयोग गरिरहेको हुन्छ । यस अध्ययन क्षेत्रमा बसोवास गर्ने तेली जातिहरूमा मागी विवाह बढी प्रचलनमा देखिन्छ । यहाँका घरमुलिले गरेको विवाहको प्रकारलाई हेर्दा अधिकांशले मागी विवाह गरेको पाइयो भने केहीले विधवा विवाह गरेको स्थलगत सर्वेक्षणका क्रममा भेटियो । उनीहरूको विवाहको प्रकारलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. १३**

**घरमूलिको विवाहको प्रकारको विवरण**

| क्र.सं. | विवाहको प्रकार | घरमूलिको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | मागी विवाह | ३४ | ७९.०७ |
| २ | विधवा विवाह | ३ | ६.९८ |
| ३ | विदुर विवाह | ३ | ६.९८ |
| ४ | पुनः विवाह | २ | ४.६५ |
| ५ | अन्तरजातिय विवाह | १ | २.३३ |
| कूल | | ४३ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०६५,

माथिको तालिका अनुसार मागी विवाह गर्नेको संख्या ३४ अर्थात ७९.०७% रहेको छ । त्यसैगरी विधवा/विदूर विवाह गर्नेको संख्या क्रमशः ३,३ अर्थात ६-९८, ६.९८% रहेको छ । पुनः विवाह गर्ने घरमूलिको संख्या २ जना रहेको छ । अन्तरजातिय विवाह गर्ने घरमूलिको संख्या १ जना भएको देखिन्छ । यस जातिमा प्रेम विवाहको चलन छैन, त्यसैगरी जारी विवाह, भाउजू वेहोर्ने चलन यस जातिमा छैन ।

सवै घरमूलिको उमेर पुगेर नै विवाह गरेको पाइयो । पूराना केही वुढावुढीको भने अलि कम उमेरमा विवाह भएको पाइयो । अध्ययनका क्रममा विवाहको समयप्रतिको धारणामा एकरूपता पाइन्छ । धेरैजसो छिटो विवाह गर्नुभन्दा ढिलो विवाह गर्नु राम्रो भनेको पाइयो । छिटो विवाह गर्दा केटा वा केटी मन नपर्नू, वच्चा उमेर नपुग्दै जन्मनु र विवाहको उचित मर्म वुभ्न नसक्नु जस्ता कारणले विभिन्न समस्याहरू सिजना हुनाले छिटोभन्दा ढिलो विवाह गर्नू नै ठिक हून्छ भन्ने धारणा भएको पाइयो ।

## ६.२ मागी विवाह

तेली जातिमा केही वर्ष अघि छोरीको विवाह गर्दा १४/१५ वर्ष र छोराको विवाह गर्दा १८/१९ वर्षको उमेरमा गर्ने चलन रहेको थियो । तर आजभोली शिक्षा र आधुनिक सोचले गर्दा विवाहवारी २० वर्ष पारी भन्ने उखानलाई महसुस गरी विवाहको उमेर केटीको १८ र केटाको २१ वर्षको उमेर तोकिएको पाइन्छ ।

विवाहको लागी योग्य वर वधु खोज्ने काम आफन्त नातेदार कर कुटुम्ब र समाजका गन्ने मान्ने व्यक्तिहरूको ठूलो हात भएको पाइन्छ । केटीलाई केटा र केटालाई केटीको टुङ्गो लगाइदिनमा समूदायका प्रतिठिष्त व्यक्तिहरूको ठूलो सहयोग भएको पाइन्छ । यस्तै सहयोग र सतकार्यले यो समाजलाई आपसमा वाधेको छ । आफ्नो वंशको निरन्तरता दिन र सामाजिक तथा आर्थिक कार्यलाई पूर्णता प्रदान गर्न विवाह गर्दछन् । योग्य वरवधुको खोजी भइसकेपछि केटी पक्षका व्यक्तिरुले खास गरेर आमावावु-दाजुभाई, मामा वा नजिकैका जिम्मेवार नातेदारहरूले केटापक्षलाई केटी हेर्नका लागि निम्ता गर्ने प्रचलन रहेको छ । त्यसपछि केटा पक्षका व्यक्तिहरुले कूनै शुभदिन हेरी केटी हेर्न आउने निश्चित गर्छन । तेली जातिमा केटी पक्ष पनि केटाको घर हेर्न

जान्छन् । दुवै पक्ष मन्जुरी भएपछि केटा पक्षका व्यक्तिहरूले विवाहको कूराहरू अघि वढाउँछन् । तेलीहरूको विवाह गर्ने समय हिन्दु व्राम्हण क्षेत्रीको जस्तै रहेको छ । कार्तिक, पौष, चैत्रमा विवाह गर्दैनन् भने अन्य महिनामा यस्ता कार्य सम्पन्न गर्दछन् । अध्ययन क्षेत्रका अधिकांश तेली परिवारले मागी विवाह गरेको पाइन्छ । छनौटमा परेका ४३ घरपरिवार मध्ये ३४ घरपरिवारले मागी विवाह गरेको देखिन्छ ।

## ६.३ विधवा/विदूर विवाह

विधवा भन्ने वित्तिकै लोग्ने मरेको श्रीमतीलाई जनाउँछ भने विदुर भन्नाले श्रीमती मरेको लोग्नेलाई जनाउँछ । समाजलाई आधार बनाएर कुरा गर्ने हो भने विदुरले स्वाभाविक रुपमा नै विवाह गर्ने प्रचलन छ भने विधवा विवाह सामाजिक टिकाटिप्पणीको विषय बन्न जान्छ ।

तर तेली समूदायमा विधवा विवाह परम्परागत रूपले प्रचलित भएको पाइन्छ । लोग्नेको मृत्युपछि केही वर्ष घरमै वसी जीवन विताउँछन् । त्यसपछि माइतीमा गई समय विताउँछन् । विधवा स्वास्नी जवान छ भने उसले अर्को व्यक्तिसँग विवाह गर्न पाउछे । यसलाई समाजले पूर्ण मान्यता दिएको पाइन्छ । माइतीको सल्लाह र आफ्नै इच्छाले अर्को व्यक्तिसँग विवाह गर्न मञ्जूरी दिएको पाइन्छ । यदि विधवा स्वास्नी मानिसका वालवच्चा भएमा माइतीले दिएका सम्पूर्ण दरदाइजो टिप्पणी गरेबमोजिम त्यो वच्चाले खान पाउने गरी छुट्याई दिन्छन् । तर कूनै-कूनै विधवाले अर्को विवाह नगरी वच्चावच्ची पालेर घरमै वस्ने गरेको पाइन्छ । छोराछोरी नपाउदै लोग्नेको मृत्यु भएम इष्टमित्र, माइती र स्वयं मृतक लोग्नेको घरपरिवारले समेत अर्को विवाह गर्न अनुमति दिने गरेको पाइन्छ ।

विदूर विवाह पनि तेली समूदायमा प्रचलित भएको पाइन्छ । स्वास्नी मरेको लोग्ने मानिस भनेर समाजमा केही संकुचित व्यवहार भएको भए पनि दोस्रो विावह गर्न कूनै वन्दैज छैन । यस अध्ययन क्षेत्रमा २ जना विदूरले २ जना विधवा सँगै विवाह गरेको पाइन्छ भने एक जना विदूरले कुमारी केटीसँग विवाह गरेका छन् । त्यसैगरी विवाह भएको १०/१५ दिनमा लोग्ने मरेकी विधवाले कूमार केटासँग विवाह गरेको पाइयो । यो विवाहलाई समाजले पूर्णरुपले स्वीकृती दिएको देखिन्छ ।

## ६.४ पुनर्विवाह

पुनर्विवाह भन्नाले कुनै महिला वा पुरुषको एउटा (प्रथम) विवाह भइसकेपछि फेरि अर्कोसँग गरिने विवाहलाई जनाउँछ । यसमा सम्वन्ध विच्छेद पछिको विधवा विवाह र लोग्नेले घरमा श्रीमती हुँदा हुदै अर्की श्रीमर्ती ल्याएको अवस्थालाई जनाउँछ । तेली समूदायमा लोग्ने मानिसलाई पुनः विवाह गर्न छुट दिएको पाइन्छ । स्वास्नी अपाङ्ग असक्त भएमा, छोराछोरी नभएमा आफ्नो वंश चलाउन अर्को विवाह गर्न पाउदछ । तर स्वास्नी मानिसलाई पूनः विवाह गर्न दिइएको पाइदैन ।

अध्ययन क्षेत्रमा २ जना तेली सदस्यले पुनर्विवाह गरेको पाइयो । एकजना श्रीमती रोग लागी असक्त भएपछि अर्को विवाह गरेको पाइयो अर्को एक जना तेलीको श्रीमती अर्कोसँग पोइला गएपछि दोस्री श्रीमती विवाह गरेको पाइयो ।

## ६.५ अन्तरजातीय विवाह

एक जातका केटा वा केटीले अर्को जातको केटा वा केटीसँग विवाह गर्नूलाई अन्तरजातीय विवाह भनिन्छ । तेली समूदायमा अन्तरजीाय विवाहलाई पूर्णरूपमा मान्यता दिएको पाइदैन तर पनि अध्ययन क्षेत्रका १ घर तेलीले भने अन्तरजाति विवाह गरेको पाइयो ।

अध्ययन क्षेत्रको तेली परिवारको एक सदस्यले लिम्वु थरकी केटीसँग एक आपसमा मन परापर गरी अन्तरजातीय विवाह गरेको पाइयो । जून विवाहलाई परिवार, समाजले नराम्रो दृष्टिले हेरेको पाइयो । केही शिक्षित तेलीहरुको भने अन्तरजाती विवाह राम्रो भए पनि सहजै स्वीकार्न गाह्रो हुन्छ भनेको पाइयो ।

तेली समूदायमा विधवा, पुर्नविवाह प्रचलनमा भए पनि जारी विवाह, वहुविवाह, भाउजू वेहोर्ने चलन पाइदैन । भाउजूलाई आमासमान मान्ने गरेको पाइन्छ । यस जातिमा सम्वन्ध विच्छेद गर्नलाई छुट दिएको छैन ।

## ६.६ मागी विवाहका विधिहरु

### ६.६.१ छेका

यो प्रथा केटा केटी दुवै पक्षले विवाहको लागी सम्पूर्ण रूपमा स्वीकार गर्नू हो हिन्दु, व्राम्हण, क्षेत्रीमा फूलमाला (Engagement) भएजस्तै तेली जातिमा छेका गरेको पाइन्छ । यो विधि गरेपछि अनिवार्यरूपमा सो केटीलाई विवाह गर्नू पर्ने मान्यता रहेको पाइन्छ । छेका विधि गर्दा पण्डित द्वारा शुभ साइत हेरी निश्चित दिन तोक्दछन् र सोही दिन केटापक्षका अफन्त नातेदारहरू केटीको घरमा आउँछन् । छेकाको दिन केटाका अभिभावकको मूख्य भूमिका भएको हुनाले केटा यो दिन आउँदैन । छेका विधि फुकाउन केटा पक्षका व्यक्तिहरूले सून चादीका गरगहनाहरू लुगाहरू मिठाइहरू, फलफूलहरू ल्याएका हुन्छन् र ती सवै सामानहरू केटीपक्षका अभिभावक समक्ष केटीलाई वोलाइन्छ र केटाको मामा वा जेठो दाजूले केटीको हातमा राखीदिन्छन् । यसदिन केटीलाई विशेष रूपले सजाइन्छ । पण्डितले मन्त्रोचारण गरी केटीलाई कूल देवताको पूजा गर्न लगाउँछन् । पूजा विधि समाप्त भएपछि भोज खुवाउने चलन रहेको पाइन्छ । छेका विधि गरीसकेपछि केटापक्षका व्यक्तिहरूलाई अनिवार्य रूपमा पहेलो धोती दिने चलन भएको पाइन्छ । पहेलो धोती सँगै दान दक्षिणा गरी विदाई गरेको पाइन्छ । यो विधि पछि केटा र केटी दुवै पक्ष विच सम्वन्ध स्थापित भयो भन्ने मान्यता भएको पाइन्छ ।

### ६.६.२ तिलक

छेका विधि पछि (वरमूल्य) तिलकको रकम निश्चित गर्दछन् । तिलक प्रथा यो जातिमा अत्यावश्यक अँगको रूपमा रहको छ । यस प्रथालाई सामाजिक रूपमा विकृति भनिए पनि तिलक लिने दिने चलन हट्न सकेको छैन । छेकाविधि समाप्त भएको दुई चार दिन पछि समय मिलाई केटी पक्षका व्यक्तिहरू विशेषगरी केटीको वुवा, मामा र अन्य नातेदारहरू तिलक कवोल गर्न केटाको घरमा जान्छन र तिलकको रकम निश्चित गर्दछन् । विवाहमा केटीको मामाले इच्छा अनुसार आर्थिक सहयोग गर्दछन् । तिलकमा रूपैया पैसा मात्र नभएर नगद जिन्सी दुवै सामानहरू पर्दछन् ।

परिवारको आर्थिक अवस्था, केटाको रूप, गुण, शिक्ष, नोकरी र सामाजिक स्तर आदि हेरी तिलकको रकम निश्चित गरेको पाइन्छ । आंशिक वा पूर्ण रकम त्यही दिन भुक्तान गर्दछन् । यस अवसरमा केटी पक्षले केटालाई लुगा, सुनको सिक्री, औठी, घडी आदि उपहारहरू फलफूल मिठाइहरू दिने गरेको पाइन्छ । तिलकविधि पछि विवाहको शुभदिन लगन जुराउँदछन् ।

### ६.६.३ मट्कोर विधि

विवाहको चारदिन अघि केटा केटी दुवैलाइ आ-आफ्नो घरमा ब्राम्हण पुरोहितद्धारा शास्त्रियविधि अनुसार विण्णू भगवानको पूजा गराउँछन् । यही पूजालाई नै मटकोर विधि भनिन्छ । पूजा गर्दा केटा केटी दुवैलाई पवित्र वस्त्र अर्थात पहेलो वस्त्र लगाउन लगाउँछन् । केटाले पहेलो धोती, कमिज, गंजी र केटीले पहेलो चोलो, सारी लगाई पूजा गर्छन । यो अवसरमा कूल देवताको पूजा गर्दछन् । कूल देवताको पूजा गरी सकेपछि नजिकैको खोला वा पोखरीमा बाजागाजाका साथ स्नान गराउने गर्दछन् । स्नान गर्दा दिदी बहिनी वा छिमेकी महिलाहरूले गीत गाउदै यो कार्य गराउने गर्दछन् । पोखरी वा खोलामा स्नान गर्न लैजादा र ल्याउदा केटा केटी दुवैलाइ शुद्ध अर्थात पहेलो वस्त्रले सम्पूर्ण शरीर छोप्ने चलन रहको पाइन्छ । स्नान गरी शुद्ध भए पछि वदाम, चना काचो तोरीको तेल प्रसादको रूपमा सवै परिवारले खाने गर्दछन् ।

### ६.६.४ कसा

विवाहको दिन वेहुला वेहुली हुनुभन्दा अगाडी दुवै केटा केटीलाई आ-आफ्ना घरमा कसा (मेथी, बेसार र तेल मिसाएर बनाएको लेप) लगाइदिन्छन् । केटालाई दिदी बहिनीले लगाइदिन्छन् । भने केटीलाई आमाबाबु, दाजुभाई, दिदी वहिनी, आफन्त नातेदारले कसा लगाई नुहाइदिन्छन् । त्यसपछि वेहुला वेहुली वनाई सिंगार्छन् । यो कसा पनि तेली जातिको विवाहको एक विधि हो ।

### ६.६.५ विवाह

माथि उल्लेखित सम्पूर्ण विधिहरू गरीसकेपछि मात्र तेली जातिमा विवाह गर्ने प्रचलन पाइन्छ । हिन्दु ब्राम्हण क्षेत्रीको विवाह सरह नै वेहूला वरियाति (जन्ति) लिएर केटीको घरमा जान्छन् । तेली जातिमा जन्ति जाने सवै लोग्ने मानिस हुन्छन् । तर आजभोली केही मात्रामा

वेहुलाका दिदीवहिनीहरू पनि जाने गरेको पाइन्छ । जन्ति १०० देखि २०० मानिसहरूको समूह हुन सक्छ जन्तिजादा अनिवार्य रूपमा वाजागाजा लाने गरेको पाइन्छ । वेहुला पाल्कीमा वसेर जाने गरेको पाइन्छ । जन्ति जब बेहुलीको गाँउ नजिकै पुग्दछन् तब त्यहा नजिकैको मन्दिर वा वर पिपिलको वोट मुनीरहेका ग्राम देवताको दर्शन गर्दछन् । त्यसपछि वेहुलीको घरतर्फ प्रस्थान गर्दछन् । त्यसपछि जन्तिलाई खानपिन गर्ने ठाउँमा लगी खानपिनको व्यवस्था मिलाइन्छ । वेहुलालाई वेहुलीको घरको मुल ढोका वाहिर राखी कन्या पक्षका आमा, भाउजु तथा अन्य महिलाहरूले गाजल, टिका, पहेलो चन्दन लगाई स्वागत गर्दछन् । सगूनको पान ख्वाई आरती गर्दछन् । आरतीको कार्यक्रम सकिएपछि वेहुला, वेहुली दुवैलाई मरुवा (जग्गे) मा राख्दछन् त्यसपछि पण्डित ले मन्त्रोच्चारण गरी एक अर्कालाई फूलमाला पहिराउन लगाउँछन् । यसपछि विवाह यज्ञको विधि विधान सुरु हुन्छ । पण्डितले मन्त्रोच्चारण गरी होम गर्दछन् । यस अवसरमा भगवान विण्णूको श्रद्धाका साथ पूजा गर्छन ।

पूजासकिएपछि सिन्दूरदानको विधि गर्दछन् । सिन्दूर हाल्ने कार्यक्रम गर्दा कन्यापक्षका आमाबावु, नजिकका नातेदारहरूले कन्यादान दिने गर्दछन् । कन्यादान सगसँगै जिन्सी माल जस्तै सूनचादीका गरगहना गाई, वाच्छा, साइकल, मोटरसाइकल, नगद, भाडाकुडा आदि दिने गर्दछन् । यसपछि सिन्दूर दानको विधि सकिन्छ । त्यसपछि दुवैलाई कूलदेवताको पूजा गर्न लगाउँछन् । पूजागरीसकेपछि वेहुलालाई खिर खुवाउँछन् । त्यसपछि वेहुला वेहुली दुवैको औलाबाट रगत झिकी एकैठाउँमा मिसाउँछन् । रगतमिसाई दुवैको रगत एउटै भयो वेहुली सम्पूर्णरूपमा वेहूलाको वंशको सदस्य भइन भन्ने कूराको विश्वास गरेको पाइन्छ । यस अवसरमा कन्यापक्षका महिलाहरूले जन्तिलाई जिस्काई रमाइलो गरेको पाइन्छ ।

तेली जातिमा विवाह ३ दिनसम्म चल्दछ । पहिलो दिन वेहुला जन्ति लिएर साँझमा आउने गर्दछ । दोस्रो दिनभरी विवाहको विधि विधान गर्दछन् र तेस्रो दिन विहान वेहुलीका साथ जन्तिलाई विदा गर्दछन् । जन्ति फर्कने वेलामा भोज ख्वाउँछन् । यस भोजमा सबैका सामु वेहुलीलाई वेहुलाको जुठो खुवाउँछन् । यस भोजमा सबैका सामु वेहुलीलाई वेहुलाको जुठो खुवाउँछन् । यस अवसरमा मिठामिठा परिकारहरु खुवाउने गर्दछन भने महिलाहरुले गीत गाई

गीतबाटै जन्तिलाई गाली पनि गर्दछन् । त्यसपछि बेहुली पक्षका व्यक्तिहरुले विभिन्न दाइजोका मालसामान सहित वेहुली विदा गर्दछन् । विदागर्नु अघि दुवै (वेहुला, वेहुली) लाई कूल देवताको पूजा गर्न लगाउँछन् । विदाई बढो सौहार्दपूर्ण ढंगले बुढापाका र जिम्मेवार व्यक्तिहरुद्धारा गरेको पाइन्छ ।

### ६.६.६ वेहुली भित्रयाउँने कार्यक्रम

वेहुली जब वेहुलाको घरमा पुऱ्याउँदछन् । त्यसवेला प्रवेश द्धारमा घर पस्नु अघि वेहूलाकी आमाले वर बधु दुवैलाई गाजल, टिका, चन्दन लागई आपको पातले जल अभिषेक (छर्कनु) गर्दछिन । धान, चामल, कलश, दुवो, दही, केरा, चन्दन, दियो डालीमा राखेर बेहुलीलाई आरती देखाई घर भित्र लैजान्छन घरभित्र लैजादा माटो टेक्न दिदैनन् । मूलढोका देखि पूजाकोठासम्म ढाकी वा थालीमा खुट्टा टेकी कूल देवताको पूजा गराउन लगाउँछन् । त्यसपछि मुख देखाईको विधि गर्दछन् । रूपैया पैसा, लत्ताकपडा, गरगहना दिई वेहुलीको मूख हेर्ने गरेको पाइन्छ ।

वेहुलाको घरमा केहीदिन वसेपछि वेहुली लिन उनका दाजूभाई आउने गर्छन माइतमा केही दिन वसेपछि वेहुलाको घरवाट दिदी वहिनी वेहुली लिन आउँछन् । शुभ साइत हेरी कन्या पक्षका व्यक्तिहरूले आफ्नी छोरीलाई कोसेली पातका साथ ज्वाइँको घर पढाउँछन् । यस प्रकारले विवाहको सम्पूर्ण प्रक्रिया पूरा गरी दुवैले नयाँ गृहस्थ जीवनमा प्रवेश गर्दछन् । तेली समाजमा रहेको विवाहको प्रकृया विधि मूख्यतः यति नै भएको पाइन्छ ।

## ६.७ विवाह उत्सव

### ६.७.१ वेहूलाको पहिरन

रातो वा पहेलो रंगले रंगाएको सुती कपडाको धोती, कमीज पाइजामा, फूल पगरी लगाएको पाइन्छ । शिरमा विभिन्न ध्वजा पताकाले सजाएको ठुलो टोपी र रंगाएको कपडाको फेटा गुथेको पाइन्छ । हाल यो पहिरनमा परिवर्तन भई सर्ट पेन्ट कोट लगाउने गरेको पाइन्छ ।

### ६.७.२ वेहुलीको पहिरन

१८ हाते सेतो मार्किन (सूतिको सेतो कपडा) लाई रातो रंगले रंगाएको सारी, चोलो, वांक (पाखुरामा लगाउने चादीको चूरा) पायल (पाउजु), खरुवा (खुट्टामा लगाउने चादिको चूरा) नाकमा नथिया, कानमा झुम्का आदि लगाएको पाइन्छ । रंगाएको रातो घुम्टोले टाउको छोपेको पाइन्छ । आजभोली यो पहिरनमा पनि परिवर्तन आएको छ ।

### ६.७.३ अन्य व्यक्तिको पहिरन

विवाह अवधि भर वेहूला-वेहूली दुवैको भिनाजु र मामाले रंगाएको रातो धोती लगाउने चलन रहेको पाइन्छ । अन्यले सधै लगाउने सामान्य पोशाक लगाउने गरेको पाइन्छ ।

### ६.७.४ नाँचगान

विवाह अवधिभर वाजागाजा घन्किरहन्छ । कन्यापक्षका महिलाहरूले गीतबाट जन्तिलाई जिस्काउने गरेको पाइन्छ । रातभर हासो ठट्टा हुने गरेको पाइन्छ ।

# अध्यय – ७

## तेली जातिको विवाह प्रणालीमा देखापरेका परिवर्तनहरू

विवाह संस्कारलाई हेर्ने हो भने समाजको परिवर्तनसँगै विवाहलाई संस्कारमूलकवाट करारमूलक दृष्टिकोणले हेर्ने अवधारणाको विकास भएको पाइन्छ । सामाजिक संस्कारको विस्तार र परिवर्तन तथा राज्य व्यवस्थाका परिवर्तित कानूनी प्रक्रिया र नीति अनूसार विवाह संस्कारमा पनि परिवर्तन आएको छ । विवाह संस्कारमा परिवर्तन आउनुका कारणहरूमा आधुनिकताको विकास र पाश्चात्य प्रभाव, उत्पादन प्रक्रियाको तरिकामा परिवर्तन आउनु, घर बाहिरका कार्यमा संलग्न, पेशा, शिक्षा, रोजगार, व्यापार आदिमा गतिशिलता वढनु, सामजिक हेलमेल बढनु, अन्तरसम्वन्धको दायरा फराकिलो हुनु, शिक्षाको विकास राजनीति, यातायात र संचारको विस्तार हुनु, परम्परागत मान्यता, व्यवहार र प्रचलनमा पुर्नमूल्याकन हुनु, जाति व्यवस्था कमजोर हुदै जानु, आदि प्रमूख देखिन्छन् ।

तेली जातिको विवाह प्रणालीमा निम्न परिवर्तन आएको देखिन्छः

### ७.१ मागी विवाहमा आएको परिवर्तन

मागी विवाह तेली जातिमा बढी प्रचलित विवाह हो । विवाह गर्दा पहिले केटाकेटीलाई देखा भेट गराइदैनथ्यो । आमाबावुको सहमति र सल्लाहमा विवाह हुन्थ्यो । केटाकेटीलई मेरो विवाह हुदैछ भन्ने कुरासम्म थाहा हुदैनथ्यो । आजभोली मागी विवाहको उत्तिकै अस्तित्व रहे तापनि केटाकेटीको सहमतिमा कूरा चलाइन्छ । उनीहरूले एकअर्कालाई मनपराएर मात्र विवाहको कूरा अघि बढाइन्छ । पूरानो संस्कार अनूसार पहिले आमावावुको सहमतिमा विवाह हुन्थ्यो तर हाल केटाकेटीको विचारलाई प्रमूखता दिएको पाइन्छ । पहिले केटी माग्दा लामो समय लाग्दथ्यो । ३ दिनसम्म विवाह उत्सव चल्दथ्यो । हाल एकै दिनमा हुने गरेको पाइन्छ । रात्री लगनमा मात्र विवाह हुन्थ्यो तर आजभोली दिवा लगनमा विवाह हुने गरेको पाइन्छ । पहिले घरको कामधन्दामा सहयोग पुग्ने विचारले सानै उमेरमा वुहारी माग्ने परम्परा थियो । हाल परिपक्व उमेर भइसकेपछि विवाह गर्ने प्रचलन बढेको पाइन्छ ।

### ७.२ विधवा विवाहमा आएको परिवर्तन

विधवा विवाह पहिलेदेखि नै तेली जातिमा प्रचलित थियो । पतिको मृत्युपछि लगभग १/२ वर्ष बिताएर विधुवाले अर्को विवाह गर्ने इच्छा गरेमा विवाह गर्न सक्छिन् । यो विवाहलाई सामान्य रूपले हेर्ने गरेको पाइन्छ । यो विवाहलाई समाजले पूर्णरूपमा मान्यता दिएको छ ।

### ७.३ अन्तरजातीय विवाहमा आएको परिवर्तन

पहिले पहिले तेली समूदायमा अन्तरजाीय विवाह भएको पाइदैन । तर आजभोली अन्तरजातीय विवाह गर्न थालेको पाइन्छ । यस्तो विवाह केही मात्रामा लचिलो भएको छ । बुढापाका तेली परिवारले यो विवाहलाई स्वीकार्य नगरे पनि शिक्षित परिवारले भने सहजै स्वीकारेको पाइन्छ ।

### ७.४ दाइजो प्रथामा आएको परिवर्तन

तेली जातिमा दाइजो प्रथा प्रमूख थियो । दाइजो थोरै भएमा छोरीको विवाह समेत नहुने स्थिति देखा पर्दथ्यो । केटाको माग अनुसार दाइजो दिनै पर्ने हुन्थ्यो । तर आजभोली यस प्रथामा पनि परिवर्तन आएको पाइन्छ । दाइजो प्रथाका वारेमा विभिन्न नियम कानून वन्न थालेको पाइन्छ । दाइजोलाई भन्दा पढाई, पेशा आदिलाई मान्यता दिन थालेको पाइन्छ ।

### ७.५ तिलक प्रथामा आएको परिवर्तन

तिलक प्रथा तेली समूदायको एक अभिन्न अंग हो । विवाहमा केटीका वावूले केटालाई अनिवार्यरूपमा केटाले मागे वमोजीम रकम चुक्ता गर्नू पर्दथ्यो । तर आजभोली सामाजिक विकृतिको रूपमा रहेको तिलक प्रथामा लचिलोपन आएको छ । केटा केटी दुवैको सहमति स्तर अनुसारको रकम दिने गरेको पाइन्छ ।

## ७.६ विवाहसँग सम्वन्धित अन्य पक्षमा आएको परिवर्तन

### ७.६.१ पहिरन/गहना

वेहुलीले १८ हाते सेतो मार्किन (सूती कपडा) लाई रातो रंगले रंगाएको कपडाको सारी चोलो लगाउने परम्परागत संस्कार थियो । पाखुरामा वाक (पाखूरामा लगाउने चादीको चूरा) खुट्टामा खरुवा (खुट्टामा लगाउने चादीको चूरा) लगाउने चलन थियो । आजभोली यो पहिरनमा परिवर्तन भई आधुनिक गरगहना, रेडीमेड सारी, सीतारा जडित घुम्टो लगाएको पाइन्छ ।

वेहुलाले रंगाएको सुती कपडाको कमीज कर्ता, पाइजामा लगाउनुको साट्टो सर्टपाइन्ट, कोट, लगाएको पाइन्छ ।

### ७.६.२ उमेर

पहिले घरको काम सघाउनको लागि सानै उमेरमा विवाह गर्दथे । आजभोलि शिक्षित परिपक्व भई २०/२१ वर्षको उमेरमा विवाह गर्ने गरेको पाइन्छ । शिक्षाको विस्तार प्रचलित मुलुकी ऐनको प्रभाव, अन्य समूदायसँगको घूलमिल केटाकेटी स्वयंको ढिलो विवाह गर्ने मान्यताको विकास भएको कारणले गर्दा हाल विवाहको उमेरमा ढिलाई गरेको पाइन्छ ।

### ७.६.३ भोजभतेर/खर्च

परम्परागत विवाह गर्दा भोजभतेरमा निकै खर्च लाग्ने गर्छ, विवाहको रीत पूऱ्याई विधि गर्दा धेरै खर्च लाग्ने हुँदा हाल पहिलेको तूलनामा कम खर्चीलो विवाह हुने गरेको पाइन्छ । पारिवारिक संरचनामा परिवर्तन, आम्दानीमा कमी जग्गा जमीन टुक्रिदै जानू, आवश्यकता वढदै जानु, अन्य जातीको प्रभाव पर्नू आदि जस्ता कूराहरूले गर्दा विवाहमा लाग्ने खर्चमा कटौती हुदै आएको पाइन्छ ।

### ७.६.४ केटाकेटी छान्ने अधिकार

पहिले विवाहको सम्पूर्ण अधिकार आमावावुमा निहित हुन्थ्यो । हिजोआज केटाकेटीले मन पराएमा मात्र सहमतिमा विवाह गर्ने प्रचलन वढेको पाइन्छ । रोजगारीको लागी विदेशिनु पर्ने

परिस्थिति, जातिय वन्धनमा आएको खूलापन व्यक्तिगत स्वतन्त्रता र आत्मनिर्णयको अधिकार आदिले गर्दा केटाकेटी छान्ने परम्परामा आमावावुको भूमिकामा कमी आएको देखिन्छ ।

### ७.६.५ विवाह प्रवन्ध

मागेर गर्ने विवाहमा धेरै चरणहरू (विधिहरू) पूरा गर्नू पर्ने हुदा १/२ वर्ष लाग्ने गर्दथ्यो । सवै पक्षको सहमति आवश्यक पर्दथ्यो । तर हिजोआज केटाकेटी एक अर्कामा मञ्जूर भए पछि छोटै समयमा विवाह सम्पन्न गर्ने चलनमा परिवर्तन भएको पाइन्छ । रात्री विवाहको सट्टा दिवा विवाह गर्ने गरेको पाइन्छ ।

### ७.६.६ माओवादी आन्दोलनले विवाह संस्कारमा ल्याएको परिवर्तन

विगत १२-१४ वर्षदेखि यता माओवादी आन्दोलनले सामाजिक तथा सांस्कृतिक पक्षलाई प्रभावित पारेकाले यस क्षेत्रका तेली जातिले परम्परागत रूपमा अपनाउदै आएका रीतिरिवाज, विवाह संस्कार आदिमा परिवर्तन आएको देखिन्छ । विवाह परम्परालाई प्रत्यक्ष रूपम प्रभावित पारेको देखिन्छ । अभिभावकद्धारा आफ्ना छोराछोरीको विवाह गर्ने शैलीमा असर परेको महसुस गर्ने गरेको पाइन्छ । माओवादी आन्दोलनको साथै समाज विकासको क्रमिक परिवर्तन र विश्वव्यापीकरण, पश्चिमीकरण, औद्योगिकरण आदिको कारण परम्परागत वैवाहिक मान्यतामा फरकपन ल्याएको छ । चरणपद्ध रूपमा पालना गर्ने विवाह प्रचलनलाई मान्यता नदिई केटाकेटीको विचारलाई प्राथमिकता दिइएको पाइन्छ । केटाकेटीबीच सम्वन्ध भएमा तत्काल विवाह गराइन्छ । विवाहमा केही व्यक्तिको उपस्थितिमा केटाकेटीले टिका तथा माला लगाइ विवाह कार्य सम्पन्न गरेको देखिन्छ । दाइजो नगद वा जिन्सी तथा आर्थिक लेनदेन गरिदैन । अभिभावकको स्वीकृति भए पनि नभए पनि विवाह कार्य सम्पन्न गरेको पाइन्छ । विवाहमा अपनाइने परम्परागत सरसमानहरूको उपयोग गरिदैन । सम्वन्ध विच्छेद सामान्य मानिन्छ र एकअर्काचबीचको सहमतिबाट छुट्टीन सक्दछन् कूनै जटिल प्रक्रिया झेल्नु पर्दैन ।

समाजमा अन्रजातीय विवाहलाई प्राथमिकता र प्रोत्सादन दिइएको पाइन्छ । विधूवा तथा विदूर विवाहलाई उत्तिकै मान्यता दिइएको देखिन्छ । विवाह गर्ने इच्छा भएमा सहज ढंगले विवाह कार्य सम्पन्न हून सक्दछ । विवाहमा दाइजो प्रथालाई आमूल परिवर्तन गर्ने प्रयास गरिएको

देखिन्छ । विवाहमा बढी खर्च दाइजो प्रचलन अनावश्यक तडकभडक भोजभतेर मद्यमान आदि जस्ता कूराहरूमा प्रतिबन्ध गर्ने प्रयास गरिएको पाइन्छ । वहुविवाह, वालविवाह र अनमेल विवाहलाई निरुत्साहित गर्ने प्रयास गरिएको देखिन्छ ।

विवाहमा आएका उल्लिखित परिवर्तनहरूलाई अध्ययन क्षेत्रका मानिसहरूसँग सोधखोज गर्दा परम्परागत विवाह संस्कारमा रोकावट गर्दा असन्तुष्टि व्यक्त गरेको पाइयो भने अर्कातिर यूवा पिढीले यस किसिमका परम्रागत संस्कारमा आमूल परिवर्तन गर्नू पर्छ भन्ने भनाई राखेको पाइयो ।

मूख्य सूचनादाताहरूको छलफलको आधारमा तेली विवाह पद्धतिमा परिवर्तन अउनूका कारणहरू निम्नानूसार रहेको छ ।

- **शिक्षाः–** पढेलेखेका तेली यूवायूवतीले परम्परागत र लामो प्रक्रिया अपनाई गरिने मागी विवाहलाई पालना गर्ने कूरामा त्यति वास्ता गरेको पाइएन । चेतनामा आएको विकासले विवाह प्रक्रियामा परिवर्तन आएको देखिन्छ । तिलक प्रथामा लचकता आएको छ ।
- **आर्थिक कारणः–**जनसंख्या वृद्धिको साथसाथै आर्थिक पक्षमा आएको कमीले गर्दा परम्परागत विवाहमा लाग्ने धेरै खर्च व्यहोर्न नसकिने परिस्थितिको कराण विवाह सरल, कम खर्च र कम चरणमा सम्पन्न गर्न लागेको पाइन्छ ।
- **विदेश जाने प्रचलनः–** विदेशमा वस्दाको अनूभव र धेरै बर्षपछिको पारिवारिक भेटघाटले परम्परागत विवाह पद्धतिमा परिवर्तन आएको देखिन्छ ।
- **माओवादी कारणः**-समाजलाई आमूल परिवर्तन गर्न खोज्ने यो आन्दोलनलाई विवाह लगायत सम्पूर्ण तेली संस्कारमा परिवर्तन ल्याउने प्रयास गरेको पाइन्छ । विवाहमा जाँड, रक्सी, नगद जिन्सी, आर्थिक कारोवार, दाइजो, तिलक आदि प्रचलनलाई रोक्ने प्रयास गरेको पाइन्छ । जसवाट परम्परागत विवाहमा प्रत्यक्ष असर पूगेको देखिन्छ ।

# अध्याय – ८

# सारांश र उपसंहार

## ८.१ सारांश

नेपाल विभिन्न जातजाति, भाषाभाषीको संगमस्थल हो । विभिन्न जातिहरूको वीचको एकताबाट नै नेपाली राष्ट्रियताको निर्माण भएको हो । विविध जातिगत विशेषताबाट नै राष्ट्रिय रूपमा साझा नेपालीपन कायम भएको छ । सवै जातिहरूको संस्कृति नै राष्ट्रिय संस्कृति हो । त्यसैले अनेकतामा एकता नेपालीहरूको विशेषता मानिन्छ ।

नेपालमा वसोवास गर्ने अनेक जातिहरूमा तेली जाति पनि एक हो । जसको नेपाली समाजमा आफ्नै भाषा, धर्म र संस्कारहरू प्रचलित छन् । यिनीहरू सरल स्वभाव, इमान्दारी र मेहनती प्रवृतिका छन् । मूलूकको विभिन्न ठाउँमा छरिएर बसेका तेली जातिको उत्पति सम्वन्धी विभिन्न विद्वान र लेखकहरूमा मतभिन्नता पाइन्छ । यो जाति कहिले, कहाँबाट आएका हुन भन्ने सम्बन्धमा आधिकारीक तथ्य फेला पार्न नसकीए पनि यिनीहरू भारतको कन्नोल र विहार राज्यबाट आएको हुनुपर्दछ भन्ने अनूमान गरिएको पाइन्छ । विशेषगरी यो जाति तराई क्षेत्रको धनुषा, महोत्तरी, सिरहा, सप्तरी, झापा जिल्लामा बढी वसोवास गरेको पाइन्छ । तेल पेलेर जिवीका चलाउने हुनाले यिनीहरूको जात तेली राखेको पाइन्छ । विभिन्न ठाउँमा वसेका तेली जातिको विभिन्न थर उपथर भए तापनि सानो ठूलोको भावना रहेको पाइदैन । सामाजिक तथा सांस्कृतिक परम्परा एवं रीतिरिवाजमा केही आन्तरिक भिन्नताहरू रहे तापनि मूलरूपमा एकरूपता पाइन्छ । वच्चा जन्मेपछि सुत्केरी अशुद्ध हुने र शुद्ध गर्ने दिनमा पनि फरक पाइन्छ । मृत्यु संस्कारमा पनि कसैले ३ दिनमा जुठो फालेको पाइन्छ । कसैले १०/१२ दिनमा चोखिने गरेको पाइन्छ । कतै शवलाई जलाउने र कतै गाडने गरेको पाइन्छ । यसप्रकार नेपालको विभिन्न ठाँउमा छरिएर बसेका तेलीहरूको भौगोलिक कारण र अन्य जातिसँगको सम्पर्कको कारणले गर्दा परम्परागत संस्कारमा केही भिन्नता रहेको पाइन्छ । अन्य जातिसँगको सम्पर्क, भौगोलिक अवस्था, राष्ट्रिय संस्कृतिको भावना, हिन्दूकरण, यातायात र सञ्चार व्यापार, परसंस्कृतिकरण, पश्चिमीकरण, आधुनिकीकरण, आदि जस्ता कारणले तेली संस्कृतिमा ह्रास आएको पाइन्छ ।

यस अध्ययनमा झापा जिल्ला पाचँगाछी गा.वि.स.को रंगेथान गाउँमा वसोवास गर्ने तेली जातिको सामाजिक तथा सांस्कृतिक पक्षको अध्ययन गरिएको छ । रंगेथान गाउँमा अवस्थित तेलीहरूको विवाह संस्कार र विवाह संस्कारमा आएको परिवर्तनको अध्ययन गरिएको छ । सरल, परिश्रमी, इमान्दार र मिलनसार स्वभावनका तेलीहरूको पेशा पशुपालन, कृषि र व्यापार हो यिनीहरूको आर्थिक अवस्था मध्यम खालको छ । शिक्षाको क्षेत्रमा पुरुषहरूको राम्रो प्रतिशत छ भने महिलाहरूको खासै राम्रो प्रतिशत छैन स्वास्थ्य सरसफाइमा विशेष ध्यान दिने गरेको पाइन्छ । जातीय भाषा मैथिली वोल्दछन् । नयाँ पूस्ताहरू नेपाली भाषाको प्रयोग गर्दछन् । आफ्नो समूदाय भन्दा वाहिरको मानिससँग वोल्दा प्रायः सवैले नेपाली भाषा नै प्रयोग गरेको देखियो । स्वास्नी मानीसले सारी, चोलो, साया, र गहनामा नथिया, झुम्का, बाँक, खरुवा, पाउजु, चादीको हार आदि लगाउँछन् । भने लोग्ने मानिसहरू कमीज, कूर्ता, पाइजामा, लुँगी, धोती, सट पेन्ट आदि लगाउँछन् । खानपिनमा दाल, भात, रोटी तरकारी दुध, दही अत्याधिक खाने गर्दछन् । यस क्षेत्रमा अधिकांश तेली परिवार शाहकारी भोजन खाने गर्दछन् भने केही परीवारले मात्र माछा मासू मन पराउने गरेको पाइन्छ ।

यिनीहरू विभिन्न चाडपर्व र पूजाआजा गर्दछन् । तिहार वा लक्ष्मीपूजा यहाँका तेलीहरूको मूख्य चाड हो । लक्ष्मीपूजाको दिन घर लिपपोत गरी चोखो पार्दछन् पितृहरूको नाममा राँको वा पुल्ठो बाली आकासतिर फाली हुकालो गर्दछन् । हुकालो खेल्दा मृतआत्माहरूले सजिलै स्वर्गको वाटो पाउँछन् भन्ने उनीहरूको विश्वास रहेको पाइन्छ । यहाँ वासोवास गर्ने तेलीहरू आफ्नो समूदायका मान्छेहरू बसोवास गरेको ठाउँमा एकत्रित भएर वसेका छन् । पहिले-पहिलेका धनि तेलीहरूले आफ्ने घर दुई तले पक्की सिमेन्ट रोडा इट्टाबाट बनाएका छन् । यी घरहरूमा प्रायजसो वरण्डाहरू राखीएको छ । गरीब तथा मध्यम वर्गको घर फूस तथा टिन/जस्ताले बनाइएको छ । प्रायः सवै घरमा देवताको पूजा गर्ने कोठा छुट्टै भएको पाइन्छ । घर आंगन लिपपोत गरी चिटिक्क पारेको देखिन्छ । यिनीहरू हिन्दु धर्म मान्दछन् । व्रम्हा, विष्णु, महेश, राम, कृष्ण पार्वती, काली गणेश, दुर्गा आदिको पूजा गर्दछन् । वैष्णव धर्म, प्रति पनि आस्था रहेको पाइन्छ । विभिन्न धार्मिक उत्सवहरूमा देवीदेउताका माटोको मुर्तिहरू बनाई पूजा गर्ने र पूजा समाप्त भएपछि नजिकैको

खोला वा पोखरीमा विर्सजन गर्दछन् । कूल देवी खोला वा पोखरीलाई मान्दछन् । पाहूनालाई अत्यन्त राम्ररी खानपिन गर्ने र सम्मान गर्ने यिनीहरूको परम्परागत संस्कार हो । नवजातशिशूलाई जन्मने बित्तिकै बाख्राको दुध वा मह चठाउने गर्दछन् त्यसपछि छठियार, नामाकरण भातखुवाई, मूण्डन संस्कार आदि गर्दछन् । मृतकको उमेर अनूसार शव जलाउने वा गाडने गर्दछन् । किरिया पुत्री एकजनामात्र बस्दछन् । जून छोराले दागबत्ति दिन्छ त्यही छोरो किरियापुत्री बन्दछ । १३ दिनसम्म जुठो बारने गर्दछन् । शुद्ध हुने वा १३ दिनमा आफन्तलाई वोलाई भोज खुवाउने परम्परा छ ।

यहाँका तेली जातिको विवाह पद्धति आफ्नै परम्परामा सम्पन्न गर्दछन् । मागी विवाह यहाँको परम्परागत र स्वाभाविक विवाह हो । कूलघरान र इज्जत सम्झेर सामाजिक प्रतिष्ठाअनूरूप मागेर धुमधामका साथ विवाह गर्नु यहाँका तेलीहरूको संस्कार हो । सुरुमा कूरा चलाई केटी माग्ने चलन छ । त्यसपछि केटा केटी दुवै पक्ष मञ्जूर भए पछि विवाहका विधिहरू छेका, तिलक, मटकोर, कसा गर्दछन् । त्यपछि विवाहको कार्य सम्पन्न हुन्छ । विवाहमा अनिवार्य बाजागाजा हुने गर्दछ । तिलक प्रथा विवाहसँग जोडीएको अभिन्न अंग हो । जसलाई वरमूल्य पनि भनिन्छ । वहुविवाह, जारीविवाह, प्रेम विवाह, भाउजु स्याहार्ने जस्ता विवाह यी तेली जातिमा छैन । विधुवाविवाह, पुर्नविवाह, जस्ता विवाह भने प्रचलित छन् । विवाह आफ्नै जातभित्र गर्दछन् । विजातमा गरेको विवाहले सामाजिक मान्यता पाउदैन । सकारात्मक दृष्टिले हेर्ने गरिन्न । तसर्थ यहाँका तेली जातिमा विवाहलाई सामाजिक प्रतिष्ठासँग दाजेर हेर्ने गरिन्छ ।

हिजोआज तेली जातिको विवाह पद्धतिमा परिवर्तन आएको पाइन्छ । हाल केटाकेटीको इच्छामा आमा-बाबुको सहमतिबाट विवाह गर्ने प्रचलन छ । पहिले पहिले केटी माग्न धैरै समय लाग्दथ्यो विवाह कार्य पनि ३ दिन सम्म चल्दथ्यौ । रात्री लगनमा मात्र विवाह गर्ने प्रचलन थियो । हाल आएर दिवा लगन, एक दिनमै विवाह सम्पन्न गरेको पाइन्छ । प्रेमविवाह, अन्तरजातीय विवाहले ठाउँ पाउन थालेको छ । दाइजो, तिलक प्रथामा सूधार आएको छ । माओवादी आन्दलोनले पनि विवाहको भड्किलो स्वरुप, दाइजो, तिलक, अत्याधिक जाड रक्सि सेवनलाई प्रतिवन्ध लगाएको छ । विवाहलाई सरल ठंगमा थोरै खर्च र केटाकेटीको मञ्जूरीमा सम्पन्न गर्ने

गरेको पाइन्छ । विवाहमा अपनाइने परम्परागत सरसामानहरूको उपयोग गरिदैन । सम्वन्ध विच्छेद सामान्य मानिन्छ र एकअर्कावीचको सह

मतिबाट छुट्टिन सक्दछन् । कूनै जटिल प्रक्रिया भ्रेल्नू पर्दैन । समाजमा अन्तरजातीय विवाहलाई प्राथमिकता र प्रोत्साहन दिइएको पाइन्छ । विधुवा तथा विदूर विवाहलाई उत्तिकै मान्यता दिइएको छ । विवाहमा दाइजो प्रथालाई आमूल परिवर्तन गर्ने प्रयास गरिएको देखिन्छ । शिक्षा शहरकिरण, आर्थिक कारण, विदेश जाने प्रचलन, माओवादी कारण आदिले विवाह संस्कारमा परिवर्तन ल्याएको छ । विवाहको उमेर, पहिरन/गहना, भोजभतेर, खर्च, केटाकेटी छान्ने अधिकार, विवाह प्रवन्ध आदिमा परिवर्तन आएको छ ।

## ८.२ उपसंहार

तेली जातिमा आफ्नै मौलिक परम्परागत मूल्य, मान्यता र प्रचलनहरू छन् । संस्कृतिका धनी तेलीहरू अत्यन्त सरल, इमान्दार र मेहनती छन् । परम्परागत रूपमा प्रचलित मागी विवाह तेलीहरूले हालसम्म अवलम्बन गर्दै आएका छन् । कुटुम्ब खोजी विवाह गर्ने प्रचलन तेली जातिमा विद्यमान छ । आफ्नै तेली जातिमा विवाह गर्ने मान्यता यहाँका तेलीहरूमा पाइन्छ । विवाह गर्दा कुलघरान, वंशपरम्परा, तेली जात, जोडा मिलाउने आदिलाई महत्वका साथ हेरिन्छ । तेलीजातिमा विशेषगरी तिलक प्रथा, सामाजिक विकृतिको रूपमा रहेको छ । विवाहमा दाइजो, तिलक प्रमूख रूपमा आउने गर्दछ । मागी विवाहमा विभिन्न विधिहरू छेका, मट्कोर तिलक आदि समाप्त भए पछि मात्र विवाह कार्य समापन गर्दछन् । विवाहमा मामाले आफ्नो इच्छा अनूसार आर्थिक सहयोग गर्दछन् । तेली जातिमा विवाह कार्य लामो समयसम्म हुने गर्दछ ।

तेली जातिमा मागी विवाह वाहेक विधवा विवाह, पुर्नविवाह गर्ने प्रचलन पनि छ । जसलाई तेली समाजमा सामान्य मानिन्छ । विधुवाको इच्छा भएमा अर्को लोग्ने खोजी विवाह गर्न पाउने मान्यता रही आएको छ । तेली समाजमा जारी विवाह, प्रेम विवाह, गर्ने प्रचलन छैन । यहाँका तेलीहरूले वहुविवाह गरेको पाइदैन ।

बदलिदो सामाजिक परिवेश, बाहिरी समाज र व्यक्तिहरूसँगको सम्पर्क, वसाइसराई, रोजगार, शिक्षा, व्यक्तिगत स्वतन्त्रता, आधुनिकीकरण तथा सहरीकरणको प्रभावका कारण तेली

समाजको विवाहमा परिवर्तन आउन थालेको देखिन्छ । हाल आन्दोलनले विवाहसम्वन्धी प्रचलिन मान्यतामा परिवर्तन ल्याउन खोजेको देखिन्छ ।

तेली समाजमा विवाह सम्पन्न गर्दा लाग्ने खर्चमा कमी ल्याउनु पर्दछ । विवाहसम्वन्धी आधुनिक धारणाको विकास गर्नू पर्दछ । आफ्नै तेली जातिसँग मात्रै विवाह गर्ने परम्परागत मान्यतामा सूधार गर्नु पर्दछ । विवाह गर्दा लाग्ने लामो समय र अनावश्यक खर्चमा नियन्त्रण गर्नू पर्दछ । विवाहमा दाइजो तिलक, प्रथालाई आमूल परिवर्तन गर्नू पर्दछ । अनावश्यक तडकभडक, भोजभतेर मद्यपान आदि जस्ता कूराहरूमा प्रतिबन्ध लगाउनू पर्दछ । वहुविवाह वालविवाह र अनमेल विवाहलाई निरुत्साहित गर्नु पर्दछ । केटाकेटीको इच्छा र अभिभावकको सहमतिबाट विवाह गर्ने परम्परा बसाल्नु पर्दछ । शिक्षाको विस्तार गरी तेली समाजमा प्रचलित विवाह संस्कारमा अपनाइने कतिपय अनावश्यक कुराहरूमा सुधार गर्नू पर्दछ भने अर्कोतिर परम्परादेखि मान्दै आएका प्रचलित र आवश्यक कुराहरूलाई भावी पिढीसम्म पनि संरक्षित गरिराख्नु पर्दछ ।

# सन्दर्भ सामाग्री सुची


१. आचार्य, बलराम (२०६३), **“सामाजिक संस्था र प्रक्रियाको समाजशास्त्रीय विश्लेषण”,** नेशनल बुक सेन्टर, भोटाहिटी, काठमाडौं ।

२. अर्याल, भोजेन्द्र (२०६४), **“नेपाली समाज र संस्कृतिको विश्लेषण”** ज्ञानकुञ्ज प्रकाशन, काठमाडौं ।

३. आचार्य, दिपा (२०५८), **“तेली जातिको सामाजिक तथा आर्थिक अवस्था”** शोधपत्र, समाजशास्त्र, मानवशास्त्र विभाग ।

४. आचार्य, रेशराज (२०५२), **“नेपाली समाज र संस्कृतिको विश्लेषण”**

५. कोण्डिन्याय आमोदवर्धन (१८ जेष्ठ २०६५), **“कान्तिपुर प्रकाशन”** ।

६. खत्री, प्रेमकूमार (२०४४), **“नेपाली समाज र संस्कृति”** साझा प्रकाशन ।

७. **“जिल्ला परिचय झापा”** (२०६३), प्रकाशन-तथ्याङ्क शाखा कार्यालय झापा ।

८. थापा, हरिवहादुर (२०६१), **“मगरजातिको विवाह पद्धति”** शोधपत्र समाजशास्त्र/मानवशास्त्र विभाग ।

९. नेपाली, गोपाल सिह (१९६५), **“द नेवार”** युनाइटेड एसियन पब्लिकेशन ।

१०. पाण्डेय, मधुसुदन (२०६०), **“नेपालका जनजातिहरू”** पैखी प्रकाशन ।

११. विष्ट, डोर बहादुर (२०३०), **“सवैजातको फूलवारी”**, साझा प्रकाशन, काठमाडौं ।

१२. विष्ट, डोर वहादुर (१९६२), **"People of Nepal"**, काठमाडौं, रत्न पुस्तक भण्डार

१३. शर्मा, नगेन्द्र (२०५२), **“नेपाली जनजिवन”** साझा प्रकाशन ।

NPC. "**Central Bureau of Statistics" 2001**. Population census. KTM, Nepal.

# प्रश्नावली

१.घरमुलीको नाम................ उमेरः........ लिङ्ग......... पेशाः.........
भाषाः........... धर्मः......... शिक्षाः........
२.परिवारको प्रकार क)एकल ख)संयुक्त
३.तपाईको पारिवारिक जानकारी

| क्र.सं. | नाम | घरमुलीसँगको सम्वन्ध | लिङ्ग | उमेर | वैवाहिक स्थिति | शिक्षा | पेशा (प्राथामिक) | द्वितिय |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

| घरमुलीसँगको नाता | | लिङ्ग | वैवाहिक स्थिति | शिक्षा | पेशा |
|---|---|---|---|---|---|
| ०१ | घरमुली | ०१ पुरुष | ०१ विवाहिता | ०१ पढ्न लेख्न नजान्ने | ०१ कृषि |
| ०२ | पती | ०२ महिला | ०२ अविवाहिता | ०२ पढ्न मात्र जान्ने | ०२ व्यापार |
| ०३ | पत्नी | | ०३ छुट्टिएर वसेका | ०३ प्राथमिक शिक्षा | ०३ सरकारी नोकरी |
| ०४ | छोरा | | ०४ पारपाचुके गरेको | ०४ निम्न माध्यामिक शिक्षा | ०४ प्राइभेट नोकरी |
| ०५ | छोरी | | ०५ बुढिकन्या वसेको | ०५ माध्यमिक शिक्षा | ०५ वैदेशिक रोजगार |
| ०६ | बुहारी | | ०६ विधुवा | ०६ उच्च माध्यमिक/आइ.ए | ०६ज्याला मजदुरी |
| ०७ | नाती | | ०७ विदुर | ०७ वी.ए र सो भन्दा माथि | ०७ अन्य |
| ०८ | नातीनी | | ०८ विवाह नगरी वसेको | | |
| ०९ | अन्य | | | | |

१.तपाईको आफ्नो जग्गा छ ?

क) छ ख) छैन

२.तपाईले खेतीपाती गरेको जग्गाको विवरण दिनुहोस् न ।

| | क्रं. सं. | जग्गाको प्रकार | लिएको विगाहा | दिएको विगाहा | कुल विगाह |
|---|---|---|---|---|---|
| | १ | नीजि | | | |
| | २ | अदियाँ | | | |
| | ३ | ठेक्का | | | |
| | ४ | अन्य | | | |

३.तपाईको खेतीमा के-के अन्न उत्पादन हुन्छ ? (मुरीमा)

क)धान ख)गहुँ ग)मकै घ)कोदो ङ)आलु च)तोरी

छ)अदुवा ज)माथिका सवै झ)केहीपनि हुदैन ञ)अन्य

४ आफ्नो खेतीबाट उत्पादीत अन्नले खान पुग्छ ?

क) पुग्छ ख)पुग्दैन

५. यदि पुग्दैन भने के के गर्नुहुन्छ ?

क)…………………

ख)……………..

ग)...............

६. तपाईसँग वावुवाजेको पैत्रिक सम्पति छ कि छैन ?

क)छ ख)छैन

७. यदि छ भने के के छ ?

क).............

ख).............

ग)............

८. तपाईले कसैसँग ऋण लिनुभएको छ ?

क)छ बक्स किन........१........२...........

ख)छैन किन.........१.........२..........

९. यदि छ भने ऋणको श्रोत

क) वैंक ख)साहु ग) अन्य

१०. तपाईले काम गर्ने उद्योग

क) घरेलु उद्योग ख) साना उद्योग ग)मझौला घ)ठुला उद्योग ङ)अन्य

११. कुन कुन कामवाट कति ज्याला पाउनुहुन्छ ?

| क्रं. सं. | कामको किसिम | दैनिक ज्याला | मसिक ज्याला |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |

१२. तपाईको वार्षिक खर्च कति जति हुने गर्छ ?

| क्र. सं. | खर्च शिर्षक | वषिक नगद | वषिक जिन्सी खर्च |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |

टीप्पणी

१.
२.
३.
४.

सुझावहरु

१
२.
३.
४.

**शैक्षिक/स्वास्थ्य अवस्था**

१. तपाईको वडामा विद्यालय छ ?

क) छ        ख)छैन

२. यदि छ भने कुन तह सम्मको विद्यालय छ ?

क)प्राथामिक तह        ख)निन्न माध्यमिक

ग) माध्यमिक        घ)उच्च माध्यमिक तह

ङ) वि.ए. र सो भन्दा माथि

३. तपाईले छोरा छोरी दुवैलाई पढाउनु भएको छ ?

क)छ ☐        किन.......१........२.........

ख) छैन☐        किन.......१........२.........

४. तपाईको जातमा साक्षरता दर कस्तो छ ?

क) राम्रो ख)नराम्रो ग)सन्तोसजनक

घ)अति राम्रो ङ)थाहा छैन

५. यहाँ कुनै सरकारी/गैर सरकारी संस्थाले अनौपचारिक शिक्षा दिएको छ ?

क)छ ख)छैन ग)थाहा छैन

६. यदि दिएको छ भने कस्तो शिक्षा दिएको छ ?

क)...............

ख).............

ग)..............

७. तपाईहरु विरामी पर्दा कहाँ जानुहुन्छ ?

क) अस्पताल किन...............

ख)भामीझाँक्री किन...........

ग)अन्य

८. यहाँ स्वास्थ्य चौकी छ ?

क) छ ख)छैन

९. खानेपानी कहाँबाट ल्याउनुहुन्छ ?

क) धारा ख)खोला ग) इनार/टुवेल घ)अन्य

१०.तपाईको घरमा शौचालय छ ?

क)छ☐ किन..........१..........२...........

ख)छैन☐ किन..........१..........२...........

११.छ भने कस्तो किसिमको छ ?

क)कच्ची ख)पक्की ग)अन्य

१२.यदि छैन भने तपाई कहाँ दिशा पिशाब गर्न जानुहुन्छ ?

क)खेतवारीमा ख)खोलाको छेउमा ग)जंगलमा घ)अन्य ठाउँमा

| टीप्पणी | सुझावहरु |
| --- | --- |
| १ | १ |
| २ | २ |
| ३ | ३ |
| ४ | ४ |

सामाजिक/सास्कृतिक अवस्था

१. परिवारमा तपाईले कस्तो भुमिका निभाउनु हुन्छ ?

क) आमा ख)बाबु ग)छोरो घ)छोरी ङ)अन्य

२.तपाईको समाजमा बढी प्रतिष्ठित व्यक्ति को हुन्छ ?

क)बुढापाका ख)पुरेत/पण्डित ग) राजनीतिक नेता

घ)शिक्षित व्यक्ति ङ)अन्य

३.समाजमा महिलाको स्थान कस्तो छ ?

क) राम्रो ख)नराम्रो ग)ठिकै घ)थाहाछैन

४. तपाई यहाँ बसोबास गरेको कति वर्ष भयो ?

५.तपाईका पुर्वजहरु कहाँबाट आएका हुन् तपाईलाइ थाहा छ ?

क) थाहा छ ख)थाहाछैन

६.कुन भाषा बोल्नु हुन्छ ?

क)भोजपुरी ख)मैथिलि ग)ठकुरी घ)अन्य

७. तपाईलाई कस्तो परिवार मन पर्छ ?

क)संयुक्त किन......१......२......

ख)एकल किन......१......२......

८.कुन धर्म मान्नु हुन्छ ?

क)हिन्दु ख)बौद्ध ग)मुस्लिम घ)अन्य

९. बर्षदिनको सवभन्दा ठुलो चाड कुन हो ? ☐

१०.कुन देवतालाई बढि मान्नु हुन्छ ?

क)ब्रम्हा ख)विष्णु ग) महेश घ)राम/कृष्ण

ङ)कालि/दुर्गा च)अन्य

११.किन मान्नु हुन्छ ?

१२.चाडपर्व के के मान्नु हुन्छ

क)..............                    ख)................

ग.............                    घ).............

ङ).............                    च)..............

१३.जन्म संस्कारमा तपाई के गर्नु हुन्छ ?

क)..............          ख)............

१४.छैटी संस्कार कसरी गरिन्छ ?

क)छोराको........          किन..............

ख)छोरीको...........          किन.........

१५.न्वारन संस्कार कसरी गर्नुहुन्छ ?

क)................

ख)...............

ग)..............

१६. वच्चाको पास्नी कसरी गरिन्छ ?

क)छोरोको कति महिनामा☐          किन...................

ख)छोरीको कति महिनामा☐          किन...................

१७.विवाहका विधिहरु वताईदिनुहोस् न ।

क)..............................

ख)..........................

ग)..........................

१८. तपाईहरुले लगाउने गरगहना र पहिरनको वारेमा वताइदिनुहोस न ।

क)आइमाइले

ख)लोग्ने मान्छेले

१९. मृत्यु संस्कार कसरी गर्नु हुन्छ ?

क)................

ख)................

| टीप्पणी | सुझावहरु |
|---|---|
| १ | १ |
| २ | २ |
| ३ | ३ |
| ४ | ४ |

**वीवाहका विधिहरु**

१.हाल प्रचलित विवाह कुन हो ?

क) मागी विवाह        ख)प्रेम विवाह        ग)अन्तरजातीय विवाह

घ)अन्य

२.तपाईले कस्तो विवाह गर्नुभयो ?

क)मागी विवाह        ख)प्रेम विवाह        ग)अन्य विवाह

३.तपाईले कति वर्षमा विवाह गर्नु भयो ?

क)१८ वर्षभन्दा मुनि        ख)१८ वर्षभन्दा माथि

४.विवाहमा कसको उमेर बढी हुन्छ ?

क) केटाको    ख)केटीको    ग)बराबरी

५.तपाईको विचारमा छिटो विवाह गर्नु राम्रो कि ढिलो ?

क) छिटो ☐        किन..................

ख)ढिलो ☐        किन...................

६.विवाहमा वर कन्या खोज्ने कस्को हात हुन्छ ?

क)आमाबाबुको        ख)आफन्त नातेदारको        ग)अन्यको

७.जीवन साथीको जयनमा कसको बढी अधिकार हुन्छ ?

क)आमाबाबुको        ख)केटाकेटीको        ग)अन्यको

८.बैवाहिक परम्परागत संस्कारहरु के के छन् ?

क)............................        कसरी गरिन्छ ...............

ख)............................        कसरी गरिन्छ ...............

ग)............................        कसरी गरिन्छ ...............

घ)............................ कसरी गरिन्छ ...............

९.विवाह कुन कुन महिना हुने गर्छ ?

क)................... ख)............

१०.विवाहमा पण्डित पनि राख्नुपर्छ ?

क)राख्छौ ख)राख्दैनौ

११.विवाहमा वरमुल्य वा तिलक दिने लिने चलन छ ?

क)छ ख)छैन

१२.वरमुल्य वा तिलक दिनु राम्रो हो की होइन ?

क)हो ☐ किन.............

ख)होइन☐ किन..........

१३.के के को आधारमा तिलकको रकम तोकिन्छ ?

क)..............................

ख)..............................

ग)............................

१४.विवाहमा दाइजो लिने चलन पनि छ ?

क)छ ख)छैन

१५.यदि छ भने विशेष गरेर के लाई जोड दिइन्छ ?

क)पैसा/नगद ख)जग्गा/जमिन ग)अन्य

१६.दाइजो लिनु दिनु राम्रो हो की होइन ?

क) हो ☐ किन...................

ख)होइन☐ किन...................

ग)थाहा छैन☐

१७.दुलही भित्र्याउँदा के के गर्नुहुन्छ ?

क).....................

ख)...................

ग)....................

१८.प्रेम विवाह गर्ने चलन छ की छैन ?

क)छ		ख)छैन

१९.तपाईका परिवारमा अन्तरजातिय विवाह भएको छ की छैन ?

क)छ		ख)छैन

२०.अन्तरजातिय विवाह सम्वन्धी तपाईको कस्तो विचार छ ?

क)राम्रो ☐		किन.........१..........२............

ख)नराम्रो☐		किन.........१...........२..........

ग)थाहा छैन☐

२१.पुन:विवाहले मान्यता प्राप्त गरेको छ की छैन ?

क)छ ☐		किन.......१...........२........

ख)छैन☐		किन.........१..........२..........

ग)थाहा छैन☐

२२.जारी विवाह गरिन्छ की गरिदैन ?

क)गरिन्छ		ख)गरिदैन

२३.विधुवा/विदुर विवाहले सामाजिक मान्यता प्राप्त गरेको छ की छैन ?

क)छ☐		किन............१..........२...........

ख)छैन☐		किन............१..........२............

२४.सम्बन्ध विच्छेद हुन्छ कि हुदैन ?

क)हुन्छ☐		किन..........

ख)हुदैन☐		किन

| टीप्पणी | सुझावहरु |
|---|---|
| १ | १ |
| २ | २ |
| ३ | ३ |
| ४ | ४ |

**विवाह पद्धतिमा देखा परेका परिर्वतनहरु**

१.पहिले देखि अहिलेसम्मको वैवाहिक परम्परामा के के परिवर्तनहरु आएका छन् ?

क)..........................

ख)..........................

ग)..........................

घ).........................

२.मागी विवाहमा परिवर्तन आएको छ ?

क)छ ☐ किन........

ख)छैन☐ किन......

३.जीवनसाथी छान्ने अधिकारमा परिवर्तन आएको छ ?

क)छ☐ किन............

ख)छैन☐ किन............

४.दाइजो/तिलक प्रथामा परिवर्तन आएको छ ?

क)छ☐ कसरी.................

ख)छैन☐ किन...................

५.अन्तरजातिय विवाहलाई समाजले हेर्ने आँखामा कस्तो परिवर्तन आएको छ ?

क)राम्रो☐ किन........१.........२...........

क)नराम्रो☐ किन........१.........२...........

६.विधुवा/विदुर विवाहमा परिवर्तन आएको छ ?

क)छ☐ कसरी............

ख)छैन☐ किन...............

७.पुनःविवाह गर्ने चलनमा के के परिवर्तन आएको छ ?

क)........................... कसरी आयो.....................

ख).......................... कसरी आयो......................

ग)......................... कसरी आयो....................

८.सम्वन्धविच्छेदमा आएको परिवर्तनहरु के के छन् ?

क)........................... कसरी आयो.....................

ख).......................... कसरी आयो......................

ग)......................... कसरी आयो....................

९.विवाहको पहिरनमा के के परिवर्तनहरु आएका छन् ?

क)आइमाइको .......................

ख)लोग्नेमान्छेको .....................

१०.माओवादी आन्दोलनले विवाह संस्कारमा परिवर्तन ल्यायो ?

क)ल्यायो ख)ल्याएन ग)थाहा छैन

११. यदि आएको छ भने के के मा परिवर्तन आएको छ ?

क)....................................

ख)....................................

ग)..................................

१२.विवाहका वारेमा अन्य थप जानकारी दिनुहुन्छ की ?

क)...........................

ख)............................

ग)..........................

१३. यहाँ कुनै स्वदेशी तथा विदेशी गैरसरकारी संस्थाहरुले काम गरेका छन् ?

क)छन् ख)छैनन् ग)थाहाछैन

१४.यदि छन भने कुन क्षेत्रमा काम गरेका छन् ?

क)शिक्षा ख)स्वास्थ्य ग)स्थानिय विकास घ)अन्य

१५.तपाईको समुदायमा यी संस्थाले के के सेवा प्रदान गरेका छन् र के गरुन जस्तो लाग्छ ?

क)...............................

ख).............................

ग)............................

१६. तपाईका समस्याहरु के के होलान् ? तपाईको जातिय उत्थानको निमित्त के के गर्नुपर्ला ?

क)......................................................

ख)....................................................

ग)..................................................

टीप्पणी सुझावहरु

१ १

२ २

| | |
|---|---|
| ३ | ३ |
| ४ | ४ |